जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ • अंक १२२ • २०८१ साल आश्विन २ गते बुधबार (18 September, Wednesday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।–

## जसपा नेपाल संविधान दिवस नमनाउने

# परिवेश अनुरुप फेरिदैँ अध्यक्ष यादव, लोसपा अडानमै


**टुडे समाचारदाता**

जननकपुरधाम । जनता समाजवादी पार्टी (जसपा) नेपालले संविधान दिवसमा सहभागिता नजनाउने भएको छ । संविधान दिवसमा सहभागिता नजनाउने सार्वजनिक रुपमा अध्यक्ष यादवले संविधान जारी भएपछि गठन भएको संसदपछि पहिलो पटक धारणा व्यक्त गरेका छन् ।

विगतमा उनी संविधान दिवसको कार्यक्रममा सहभागी नभए पनि त्यसको विरोधमा अभिव्यक्ति दिने गरेका थिएनन् । पहिलो संसदीय निर्वाचनपछि मधेश प्रदेशमा जसपा नेपालको नेतृत्वमा सरकार गठन भएको थियो । संघीय सरकारमा अध्यक्ष यादव उपप्रधानमन्त्री बनेका थिए ।

आमनिर्वाचन पछिको पहिलो संविधान दिवसलाई कालो दिवसको रुपमा मनाउने र ब्लैक आउट गर्ने निर्णय जसपा नेपाल मधेश प्रदेश समितिले गरेको थियो । तर अध्यक्ष यादवले तत्कालीन प्रदेश अध्यक्ष रेणु यादवलाई स्पष्टीकरण सोधेर कारबाही गरेका थिए ।

यद्यपि प्रदेश सरकारमा सहभागी रहे पनि तत्कालीन राष्ट्रिय जनता पार्टी(राजपा) नेपालबाट मन्त्री बनेकाहरुले ब्लैक आउट गर्दै चोकहरुमा भएको विरोध सभामा सहभागिता जनाएका थिए । राजपाबाट जसपा हुँदै लोसपा



Upendra Yadav
9h ·

*सन्दर्भ संविधान दिवस*

जनआन्दोलन, जनयुद्ध, ऐतिहासिक मधेश जनबिद्रोह लगायतका आन्दोलनहरुको बेलामा सरकारसँग भएका सम्झौताहरु, अन्तरिम संविधानमा भएका प्रावधानहरु, पहिलो संविधान सभामा सर्वसम्मत भईसकेका बिषयहरु तथा जनताको अभिमतलाई समेतलाई अनादर, उपेक्षा गर्दै संविधान सभामा समेत छलफल नै नगराई जबर्जस्ती सरकारले जनतामाथि दमन र हत्या गरी जारी गरिएको विभेदकारी, अधुरो, अपुरो एवम् त्रुटीपूर्ण संविधानले मधेशी, आदिवासी जनजाति, दलित/शिल्पी, महिला, खस, मुस्लिम, थारु, अल्पसंख्यक समुदायहरुका साथै उत्पीडित जात/जाति एवम् समुदायहरुले उठाउँदै आएका राष्ट्रिय मुद्दाहरुलाई सम्वोधन गर्न सकेको छैन ।
संविधानमा संघीयता, समावेशी लोकतन्त्र, राष्ट्रिय पहिचान, समानुपातिक समावेशिकरण लगायतका प्रावधानहरु पनि अधुरो र अपूर्ण हुनुका साथै संविधानमा बिभेदकारी प्रावधानहरु राखिएको हुँदा सरकारले घोषणा गरेको संविधान दिवसमा भाग नलिने, बिरोध गर्ने र संविधानमा रहेका बिभेदकारी एवम् त्रुटिपूर्ण प्रावधानहरु परिवर्तनका लागि उक्त दिन अर्थात असोज ३ गते बिभिन्न प्रकारका कार्यक्रम आयोजना गरी संविधान शंसोधनद्वारा यसलाई सच्याउनका लागि जनचेतनामूलक कार्यक्रमहरु गरिनु पर्दछ ।
संविधान सच्याउन यसको संशोधन, परिमार्जन र पुनर्लेखन गरी संघीय संरचना, शासकीय स्वरूप, निर्वाचन प्रणाली, जनसङ्ख्याका आधारमा समानुपातिक प्रतिनिधित्व, राष्ट्रिय पहिचानको मान्यता, न्यायपलिकाको संरचनागत परिवर्तन लगायतका परिवर्तनहरु गरी संविधान सबै समुदायका मानिसहरुले स्वामित्व लिन सक्ने हुनुपर्छ ।

बनेको सो पार्टीले भने हरेक वर्ष संविधान दिवसको विरोध गर्दै आएको छ । लोसपाले यस वर्ष पनि कालो दिवसको रुपमा मनाउने तयारी गरिसकेको छ । लोसपाको सांगठनिक अवस्था कमजोर रहेकाले विरोध प्रभावकारी हुन सकेको छैन । तर संघीय र प्रदेश सरकारमा सहभागि रहेको सो दलले संविधान दिवसलाई कालो दिवसको रुपमा मनाइनु विद्रोहको संकेत रहेको मधेश प्रदेशका नेता चन्द्रकान्त ठाकुरले बताए ।

'उपेन्द्र यादव आफ्नो अनुकुलता अनुसार संविधानको विरोध र मौन रहने गरेका छन्' उनले भने, संविधानको पूनर्लेखन गर्नुपर्ने भाषण गर्ने जसपा सरकारमा गएपछि चुप लाग्ने गरेको छ ।

जसपा नेपाल हाल संघीय र प्रदेश दुवै सरकारबाट बाहिर छन् । विगतमा अध्यक्ष यादव भारतमा गएको बेला तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले मन्त्रालय फेरबदल गरेका थिए । तर त्यसको लगत्तै उनी हटाइएका थिए । यस पटक पनि उनी विदेशमा रहेको बेला निवर्तमान प्रधानमन्त्री प्रचण्डले जसपा नेपाललाई विभाजन गरी उनलाई पदमुक्त गरेका थिए ।

जसपा नेपालका अध्यक्ष यादवले संविधान दिवसको विषयमा सार्वजनिक गरेको धारणालाई राजनीतिकर्मीहरुले मधेशप्रति गोहीको आँशु चुहाउन थालेको टिप्पणी गरेका छन् ।

जसपा नेपालका अध्यक्ष यादवले मधेश र मधेशीलाई पटक पटक धोका दिएको आरोप लगाउँदै वरिष्ठ राजनीतिकर्मी भरत विमल यादवले भने व्यक्तिगत स्वार्थ र पदका कारण मधेशलाई अनेकौं पटक उनले धोका दिएका छन् ।

संगठनलाई चलायमान बनाउन नसके पनि महन्थ ठाकुर अडान लिने गरेको बताइन्छ । व्यक्तिगत स्वार्थ, नाताकुटुम्ब र हैकमवादी प्रवृत्ति भएका ठाकुरले नै पार्टी डुबाएको आरोप लागे पनि उनी संविधान दिवसलाई हालसम्म मौन समर्थन जनाएको बताइन्छ ।









# रौतहटको चन्द्रपुरबाट पनि मिनोल्टाको बिक्रि बितरण सुरु

**टुडे समाचारदाता**

वीरगञ्ज । पहिलो पटक  रौतहटको चन्द्रपुरबाट पनि विद्युतीय कारको बिक्रि वितरण शुरु भएको छ । मधेश प्रदेशलाई लक्षित गर्दै चौधरी ग्रुप अन्तर्गत सिजी मोटरले  चन्द्रपुरमा पनि विद्युतीय कारको अधिकारीक बिक्रेता मिनोल्टा इन्भेष्टमेन्टले विक्री कक्ष (शोरुम) सञ्चालनमा ल्याएको हो ।

चिनियाँ ब्राण्ड 'होजन अटो न्यू इनर्जी भेहिकल कम्पनी' ले उत्पादन गरेको नेटा भी कार र केवाईसी भी - ५ इलेक्ट्रिक भ्यान अब रौतहटको चपुरबाट पनि बिक्रिवितरण हुने भएको छ ।

शोरुमको औपचारिक रुपमा चन्द्रपुर नगरपालिकाका प्रमुख संजय कुमार काफ्लेले उद्धाटन गरेका हुन् । मिनोल्टा इन्भेष्टमेन्टका सञ्चालकद्वय आकृति अग्रवाल र अंकित अग्रवालको सयुँक्त अध्यक्षतामा भएको उद्धाटन कार्यक्रमलाई सम्बोधन गर्दै नगरप्रमुख काफ्लेले वातावरण मैत्री विद्युतीय गाडीको सदुपयोगलाई सवैलाई अपनाउन जोड दिनु भयो । व्यक्तिगत र सार्बजनिक रुपमा प्रयोजनका लागि नेटा भि र केवाइसी गाडी उपयोगी हुने उहाले विश्वास व्यक्त गर्नुभयो ।



कार्यक्रममा बोल्दै सञ्चालक आकृति अग्रवालले वातावरण मैत्री नेटा भी मोडलको कार र केवाईसी भ्यानको विकल्प अरु कुनै गाडि हनु नसक्ने दावी गर्नुभयो । उहाका अनुसार अबको युगमा तिब्र विकाससँगै सबैले विद्युतीय सवारी साधन प्रयोग गर्नुपर्ने दौड सुरु भएको बताउनु भयो । जसका लागि विश्वसनीयता एवम् स्तरीयता नेटा भी नै रहेको उहाको भनाई थियो ।

नेटा भी मोडल कारको क्रसओभरमा ३८.५४ किलोवाट आवर क्षमताको ब्याट्री रहेको छ, भने यसमा ७० किलोवाट क्षमताको मोटर जडान गरिएको छ । सिजी मोटरले यसको ब्याट्री र मोटरमा ८ वर्ष अर्थात डेढ लाख किलोमिटरको वारेन्टी प्रदान गरेको छ । यो गाडि फूल चार्जमा ३ सय ८० किलोमिटर भन्दा धेरै  रेञ्ज प्रदान गर्ने  प्रमुख अंकित अग्रवाल कार्यक्रममा जानकारी गराउनु भयो ।

विश्वकै ठूलो ब्याट्री उत्पादक कम्पनी 'सिएटीएल' ले उत्पादन गरेको लिथियम आयोन ब्याट्री यस कारमा प्रयोग भएको छ । विगत ४ वर्षमा लगातार चार मोडल उत्पादन गरेको होजनको नेटा भी ४ मिटर साइजको इलेक्ट्रीक एसयूभी कार हो । क्रसओभर डिजाइन, निकै प्रिमियम सिट, आकर्षक अलोय ह्वील, टू स्पोक स्पोर्टी स्टेरिङ ह्वील, यूनिक तरिकाले प्लेस गरिएको ड्राइभर इन्फर्मेशन डिस्प्ले, निकै ठूलो इन्फोटेन्टमेन्ट सिस्टम, यूनिक स्थानमा दिइएको गियर नव र पार्किङ ब्रेक नेटा भीको साकात्मक  पक्ष पनि हो ।

नेटा भी कारको मूल्य ३७ लाख ९९ हजार रुपैँया रहेको छ । कम्पनी स्रोतका अनुसार फूल अप्सन नेटा भी अहिले बजारमा चल्तीको इलेक्ट्रीक कार नेक्सन इभी भन्दा कम मूल्यमा उपलब्ध छ । नेटा भीको लम्वाई ४०७० एमएम चौडाई १६९० एमएम र उचाई १५४० एमएमको रहेको छ । यस कारको ह्वीलवेस २४२० एमएमको रहेको छ ।

नेटा भीको दुबै साइडमा चार्जिङ पोर्ट दिएको छ । एक साइडमा रेगुलर स्लो चार्जिङ र अर्को साइडमा फास्ट चार्जिङ पोर्ट रहेको छ । आकर्षक इन्टेरियर रहेको नेटा भीमा भर्टिकल इन्फोटेन्मेन्ट सिस्टम, स्पीनर रहेको गोलो सेपको साँचो, दुबै साइड फ्ल्याट रहेको स्टेरिङ ह्वील रहेको छ ।

यो इभीलाई चार्ज गर्न स्लो चार्जरबाट १२ घण्टासम्म लाग्छ भने, फास्ट चार्जरबाट चार्ज गर्दा ३० मिनेटमै ८० प्रतिशतसम्म चार्ज गर्न सकिने अंकित अग्रवाल बताउँछन् । नेटा भी विद्युतीय कारसँगै चौधरी ग्रुपअन्तर्गतकै चांगनको इलेक्ट्रीक भ्यानको पनि शोरुमबाट विक्रीवितरण हुनेछ । कम्पनीले प्यासेन्जर कारमा नेटा भीपछि लाइट कमर्शियल सेग्मेन्टमा माइक्रोबस ल्याएको हो ।

नेपालमा भित्रिएको छोटो समयमै यि दुवै गाडी धेरै रुचाइएका छन् । ग्राहकहरुको सकारात्मक प्रतिक्रियाले नै रौतहटमा पनि शोरुम खोलेरै सञ्चालन गर्ने ऊर्जा पलाएको सञ्चालक अग्रवाल बताउँछन् । उनका अनुसार मधेश प्रदेशमा दुवै गाडी धेरै रुचाइएको छ । यसको डिजाइन र विशेषता पनि यहाँको बजारको आवश्यकता लाई पूर्ति गर्ने हिसाबले बनाइएको उनको दावी छ । यसअघि वीरगञ्जमा पनि यसको शोरुम सञ्चालनमा आइसकेको छ ।

# पर्सामा बीमाप्रतिको आकर्षण कम

वीरगञ्ज । आर्थिक र औद्योगिक नगरीको रुपमा परिचित पर्सा जिल्लामा जीवन बीमाप्रति सर्वसाधारणको आर्कषण न्यून देखिएको छ । बीमासम्बन्धी जनचेतनाको कमीले यहाँका सर्वसाधारणमा बीमाप्रतिको आकर्षण न्यून देखिएको हो ।




नेपाल बीमा प्राधिकरणका अनुसार आव २०८०/८१ सम्मको अवधिमा जीवन बीमा शुल्क सङ्कलनमा पर्साको हिस्सा एक दशमलव ८८ प्रतिशत मात्रै छ । प्राधिकरणका निर्देशक सुशीलदेव सुवेदीले आर्थिक र औद्योगिक नगरीको रुपमा पर्सा चिनिए पनि जीवन बीमा र निर्जीवन बीमाप्रति सर्वसाधारणको आकर्षण न्यून रहेको जानकारी दिनुभयो ।

''जिल्लामा आव २०८०/८१ सम्मको अवधिमा जीवन बीमा तर्फ जारी बीमालेख सङ्ख्या १२ हजार ५५ रहेको छ'', उहाँले भन्नुभयो, ''जीवन बीमाको सक्रिय बीमालेख सङ्ख्या १२ लाख तीन हजार चार सय ७७ छ ।'' प्राधिकरणका अनुसार गत आवमा जिल्लामा जीवन बीमाको भुक्तानी सङ्ख्या छ हजार आठ सय २० रहेको थियो । सो अवधिमा दाबी भुक्तानी रकम रु ८७ करोड ८८ लाख रहेको छ ।

जिल्लामा आव २०८०/८१ सम्म जारी निर्जीवन बीमा लेख संख्या ८४ हजार सात सय २३ रहेको छ । सो अवधिमा निर्जीवन बीमातर्फ बीमा शुल्क सङ्कलन एक अर्ब १३ करोड १६ लाख रहेको छ । त्यस्तै निर्जीवन बीमा शुल्क सङ्कलनमा जिल्लाले दुई दशमलव ७५ प्रतिशत मात्र हिस्सा ओगटेको छ । जिल्लामा निर्जीवन बीमाको दाबी भुक्तानी संखया दुई हजार पाँच सय ६७ रहेको छ । सो अवधिमा निर्जीवन बीमाको दाबी भुक्तानी रकम रु ६४ करोड ८२ लाख रहेको छ ।रासस

# अवैध रकमसहित ३ जना पक्राउ

**टुडे समाचारदाता**

लहान । सिरहाबाट स्रोत नखुलेको रकमसहित तीन जनालाई प्रहरीले पक्राउ गरेको छ । सिरहा प्रहरीले गत शुक्रबार नै उनीहरूलाई अवैध रकमसहित पक्राउ गरेको जनाइएको छ । प्रहरीले दिएको जानकारी अनुसार पक्राउ पर्नेमा सप्तरीको राजविराज नगरपालिका-१० का ५७ वर्षीय मजित मियाँ, सोही ठाउँ बस्ने वर्ष २८ का मोहम्मद अलाहउद्दिन र २३ वर्षीय अजय चौधरी छन् । सखुवानन्कारकट्टी गाउँपालिका-५ बाट पक्राउ परेकाहरुको साथबाट स्रोत नखुलेको १४ लाख १९ हजार ८ सय ९० रुपैयाँ र ४ सय भारतीय रुपैयाँ बरामद भएको सिरहा प्रहरीले जनाएको सिरहा प्रहरीका प्रहरी उपरीक्षक रमेश पण्डितले जानकारी दिए ।



त्यस्तै सिरहा प्रहरीले उनीहरू सबार भएर आएको स ९ प ११६२ नम्बरको मोटरसाइकल र तीन थान मोबाइल पनि नियन्त्रणमा रहेको उनले बताए ।

अदालतबाट हुण्डीसम्बन्धी कसुर मुद्दामा ५ दिनको म्याद लिएर यस विषय थप अनुसन्धान कार्य भइरहेको प्रहरी उपरीक्षक पण्डितले बताए ।

# प्रदेश संरचनालाई थप सबल बनाउँदै लैजानुपर्छः सभापति देउवा

पाटन । नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले प्रदेश संरचनालाई थप सबल बनाउँदै लैजानुपर्ने बताउनुभएको छ । संविधान दिवसको अवसरमा नेपाली कांग्रेस कानुन विभागद्वारा मंगलबार पार्टी केन्द्रीय कार्यालय सानेपामा आयोजित 'संविधानको एकदशक कार्यान्वयन र चुनौती' विषयक विचार गोष्ठीमा उहाँले हाल देसखएका समस्या र कमजारीलाई सुधार्दै प्रदेश संरचनालाई बलियो बनाउन लाग्नुको विकल्प नरहेको बताउनुभएको हो ।

उहाँले सबै जातजातीलाई मूलप्रवाहीकरण गर्न समानुपातिक समावेशीताको सान्दर्भिकता रहेको भन्नुहुँदै यस व्यवस्थालाई पनि थप व्यवस्थित बनाउनुपर्नेमा जोड दिनुभयो । "कतिपय समुदायलाई समानुपातिक प्रतिनिधित्व गर्नैपर्ने बाध्यता छ । यो देश सबैको हो, त्यसैले समावेशी सिद्धान्तका आकारमा सबै जातजातिलाई राज्यको मूल शासनप्रणालीमा ल्याउन पनि यो समानुपातिक समावेशी प्रणालीको आवश्यकता छ", सभापति देउवाले भन्नुभयो ।




संविधानले परिकल्पना गरेअनुसार समानुपातिक विकासका लागि पनि यस व्यवस्थालाई पूर्ण रूपमा लागू गर्नुपर्ने भन्नुहुँदै उहाँले सोहीअनुसार संविधान संशोधन गरिनुपर्ने धारणा राख्नुभयो । "जातीय छुवाछूत अन्त्यका लागि भएको कानुनी व्यवस्था व्यवहारमा लागु हुनसकेको छैन । प्रजातन्त्र स्थापना भएको लामोसमय भए पनि अझै धेरै सुधारको खाँचो छ । स्वतन्त्र न्यायपालिकालाई बचाउनु छ", पूर्वप्रधानमन्त्री देउवाले अगाडि भन्नुभयो,"प्रजातन्त्र नै लोकतन्त्रकने मूलकडी हो, प्रजातन्त्रलाई बन्धक बनाउने गरी संविधान संशोधन हुँदैन । प्रधानमन्त्री ओलीजी स्वयं प्रजातन्त्रको लागि लागेको, जेलनेल भोगेको व्यक्ति हो, यसमा सम्झौता गर्नुहुन्न भन्ने विश्वास छ ।"

कांग्रेस केन्द्रीय सदस्य पुष्पा भुसालले संविधानको जग सङ्घीय लोकतान्त्रिक गणतन्त्र र समावेशीता नै भएकाले त्यसलाई व्यवहारमा लागु गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । "कांग्रेसले समावेशीतालाई अपनाउन, विभेद र असमानता हटाउन गरेको योगदानको चर्चा जनसमक्ष पुग्न सकेन", उहाँले भन्नुभयो,"बहुमत प्राप्त स्थिर सरकार नहुँदा हाम्रो परिकल्पनाअनुसार घोषणापत्र कार्यान्वयन गर्न सकिएन । त्यसो भएको भए थप काम गर्न सकिन्थ्यो । गठबन्धन सरकार बनाउनु हाम्रो बाध्यता हो ।" अबको निर्वाचनमा कांग्रेसले युवाको अपेक्षालाई सम्बोधन गर्न सक्ने गरी स्थिर सरकारको नारा लिएर जनतामा जानुपर्ने धारणा राख्नुभयो ।

कांग्रेस केन्द्रीय सदस्य एवं कानुन विभाग प्रमुख मानबहादुर नेपालीले जनताले देखेका सपना, अपेक्षा र आशालाई यथार्थमा बदल्न लाग्नुपर्ने बताउनुभयो । उहाँले संविधान निर्माणको नेतृत्व गरेको पार्टी कांग्रेस यसमा अझ बढी जिम्मेवार र सचेत हुनुपर्ने बताउनुभयो ।वरिष्ठ अधिवक्ता संविधानविद् पूर्णमान शाक्यले नेपाली कांग्रेसले राजामा निहित अधिकार जनतामा ल्याउन र जनप्रतिनिधिमार्फत संविधान निर्माण गरेर त्यसलाई वैधता दिन खेलेको भूमिका सराहनीय रहेको र अब त्यसको संस्थागत विकासका लागि काम गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले संविधानले अङ्गिकार गरेको मूल्य मान्यतालाई अझ बलियो बनाउने गरी क्रियाशील हुन आग्रह गर्नुभयो । "सङ्घीय र प्रदेश सरकार स्थिर नभएसम्म स्थानीय सरकार मात्रै स्थिर भएर आर्थिक र पूर्वाधार विकासले गति लिन सक्दैन । स्थानीय सरकारबाट मात्रै जनता सन्तुष्ट हुन सकेका छैनन्", संविधानविद् शाक्यले भन्नुभयो," हाम्रो शासन व्यवस्थामा केही त्रुटि छ, यसमा सोच्नुपर्ने अवस्था आएको छ । प्रदेश तहमा पनि स्थायी सरकारको परिकल्पना गर्नुपर्छ, त्यहाँ प्रत्यक्ष निर्वाचन गरेर हेरौँ न ! संविधानलाई परिमार्जन गरेर त्रुटी सच्याउँदै अगाडि बढ्न आवश्यक छ ।"रासस

# अध्यादेशलाई प्रतिस्थापन गर्न बनेको विधेयक पारित

सुदूरपश्चिम । सुदूरपश्चिम प्रदेशसभामा 'सुदूरपश्चिम प्रदेश सामयिक राजस्व सङ्कलनसम्बन्धी व्यवस्था गर्न बनेको अध्यादेश २०८१' लाई प्रतिस्थापन गर्न बनेको विधेयक पारित भएको छ ।

प्रदेशसभाको मंगलबारको बैठकमा आर्थिक मामिलामन्त्री बहादुरसिंह थापाले उक्त विधेयक पारित गरियोस् भनी प्रस्ताव पेश गर्नुभएको थियो ।  यसअघि बैठकमा उक्त विधेयकमाथि भएको दफावार छलफलमा प्रदेशसभा सदस्य गीतादेवी माल, जानकी ऐर बम र नरेशकुमार शाहीले भाग लिनुभएको थियो ।छलफलमा उठेका प्रश्नको जवाफ दिनुहुँदै आर्थिक मामिलामन्त्री थापाले कुनै पनि कारणले भविष्यमा प्रदेशसभाबाट बजेट पारित हुन नसकेर बजेट शून्यताको अवस्था हुन नदिन यो विधेयक ल्याउनुपरेको बताउनुभयो ।

यो विधेयक पारित भएसँगै प्रदेशमा राजस्व सङ्कलन गर्न अधिकार प्रदान गर्ने कानुन निष्प्रभावी भएको अवस्थामा कानुन बमोजिम नियमित राजस्व सङ्कलन गरी सेवा सञ्चालन गर्न पाउने कानुनी बाटो खुलेको छ ।गएको साउन २९ गतेको प्रदेशसभा बैठकले प्रदेश सरकारले ल्याएको 'सुदूरपश्चिम प्रदेश सामयिक राजस्व सङ्कलनसम्बन्धी अध्यादेश २०८१' लाई स्वीकृत गरेको थियो ।रासस

# बाल सहभागीता सम्मान प्रधानलाई प्रदान

**टुडे समाचारदाता**

काठमाण्डु । बालसहभागितामा कार्यरत संस्थाहरूको साझा समुह (कन्सोर्टियम नेपाल)ले राष्ट्रिय बाल सहभागिता सम्मान २०८१ नेपालको बालअधिकार आन्दोलनका प्रणेता गौरी प्रधान लाई प्रदान गरेको छ ।

सोमबार काठमाडौंमा बालिका सहभागिता र सशक्तिकरणका लागि नागरिक संवाद कार्यक्रमका बिच प्रधानलाई राष्ट्रीय महिला आयोगका अध्यक्ष कमला पराजुलीले दोसल्ला ओढाएर सम्मानपत्र प्रदान गर्नुभयो।चार दशक लामो बालअधिकार आान्दोलनमा निरन्तर रुपमा नेतृत्वदायी भुमिकामा रहि बालअधिकार आान्दोलनलाई उचाईमा राख्नुभएको कारण राष्ट्रिय बालसहभागिता सम्मान २०८१ प्रधानलाई प्रदान गरिएको कन्सोर्टियम नेपालका अध्यक्ष सन्तोष महर्जनले बताउनु भयो ।



नेपालको बालअधिकार आन्दोलनमा बालअधिकार सबैको सरोकार, बालबालिकाका लागि बालबालिकाका साथमा, बालबालिका शान्ति क्षेत्र हुन् र बालबालिका राष्ट्रिय गौरव हुन् जस्ता नवीन सोचहरू अगाडि सारेर बालअधिकार आन्दोलनलाई वैचारिक तथा व्यवहारिक बनाई राख्न प्रधानले निरन्तररुपमा महत्वपुर्ण भूमिका खेल्नु भएको छ ।  साथै उक्त कार्यक्रममा राष्ट्रिय बाल अधिकार परिषद् का बम बहादुर बानियाँ, ल्वऋन का अध्यक्ष किरण थापा लगायतका व्यक्तित्वले बालिका सहभागिता तथा सशक्तिकरणका लागी खेल्नु पर्ने भूमिकाका बारेमा आफ्ना विचार राख्नु भएको थियो । सो कार्यक्रममा बाल अधिकार अभियन्ता विष्णु खत्रीले आफ्नो कार्यपत्र प्रशतुत गर्नु भएको थियो ।

## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : भ्रमण अवसर हुने । |
| बृष | : अवसर प्राप्त । |
| मिथून | : वाद विवादबाट बच्नु । |
| कर्कट | : पुरस्कार प्राप्त लाभ । |
| सिंह | : नयाँ कार्य हुने । |
| कन्या | : बौद्धिक क्षमता । |
| तुला | : प्रतिभा सम्पन्नता । |
| वृश्चिक | : शिक्षामा उन्नति । |
| धनु | : पारिवाहिक सुख । |
| मकर | : धन वृद्धि सञ्चय । |
| कुम्भ | : प्रेम प्रसंग, मित्र सुख । |
| मीन | : सुख समृद्धि हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्लाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्होम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |


## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# ब्राउन सुगरसहित एक जना पक्राउ



**टुडे समाचारदाता**

वीरगञ्ज । पर्सा प्रहरीले लागूऔषध ब्राउन सुगर तस्करीको आरोपमा एक भारतीय नागरिकलाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा भारत बिहार जिल्ला मोतिहारी थाना आदापुर बस्ने २३ वर्षीय विकास कुमार पटेल रहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।

उनलाई प्रहरीले वीरगन्ज महानगरपालिका- ८ पानीट्यांकी टोल जमुना सेकुवा पसलबाट आइतबार पक्राउ गरेको छ।

सो पसलमा लागूऔषध खरिद बिक्री कारोबारी भइरहेको विशेषसूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय तथा मातहत प्रहरी चौकी बसपार्कबाट खटिएको संयुक्त प्रहरी टोलीले पटेलको शरीर खानतलासी गर्दा पाइन्टको खल्तीबाट लागूऔषध ब्राउन सुगर जस्तो देखिने पदार्थ प्लाष्टिकसहित ५४ ग्राम (प्लाष्टिक बाहेक ४८ ग्राम ) फेला पारेको थियो।

उनलाई नियन्त्रणमा लिइ लागू औषधसम्बन्धी कसुरमा थप अनुसन्धान कार्य भइरहेको पर्सा प्रहरीका प्रवक्ता समेत रहेका प्रहरी नायब उपरीक्षक दीपक भारतीले जनाएका छन्।

# डेढ क्वीन्टल गाँजासहित दुई पक्राउ



**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरी प्रहरीले रामगोपालपुर नगरपालिका- ५ बाट एक सय ५० किलो लागुऔषध गाँजासहित दुई जनालाई पक्राउ गरेको छ।

पक्राउ पर्नेमा धादिङ धुनीबेँसी नगरपालिका-६ का ३० वर्षीय सञ्जीव खत्री र चितवन खैरेनी नगरपालिका- १ का १८ वर्षीय सुदीप अधिकारीलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक सन्तुलालप्रसाद जैसवारले जनाएका छन्। पक्राउ परेका उनीहरु क्रमशः बा प्र ०१-०२६च १३३६ नम्बरको पिकअपको चालक र सहचालक रहेका छन् । उनीहरु गएराति पिकअपमा त्रिपालभित्र लुकाएर १० पोका गाँजा सदरमुकाम जलेश्वरतर्फ लैजाँदै गरेको गोप्य सूचनाको आधारमा जिल्ला प्रहरी र इलाका प्रहरी रामगोपालपुरको संयुक्त टोलीले पक्राउ गरेको छ।

पक्राउ परेका दुवैलाई थप कारबाही प्रक्रिया अगाडि बढाइएको प्रवक्ता जैसवारले बताए।

# संविधान पुनरवलोकन सम्पूर्ण कोणबाट आवश्यक छ : संविधानविद्

काठमाण्डु । संविधानविद् एवं वरिष्ठ अधिवक्ताहरूले वर्तमान संविधानको अभ्यास करिब १० वर्ष भएकाले सम्पूर्ण कोणबाट अब पुनरवलोकन नितान्त आवश्यक रहेको बताउनुभएको छ। संविधान दिवस-२०८१ का उपलक्ष्यमा राष्ट्रिय समाचार समितिका प्रतिनिधिसँग कुरा गर्दै उहाँहरूले संविधान दीर्घजीवी तुल्याउन निश्चित अवधिमा समीक्षा र पुनरवलोकन गर्नै पर्नेमा जोड दिनुभयो।

संविधानलाई समयसापेक्ष तुल्याउन अव्यावहारिक प्रावधान परिवर्तन गरि नुपर्ने औँल्याउँदै उहाँहरूले जुन संविधान सजिलोसँग संशोधन गर्न सकिन्छ त्यो नै स्थायी हुन्छ भन्नुभयो । वर्तमान संविधानलाई संशोधनमार्फत नै परिपक्व बनाउनुपर्ने सुझाव दिँदै संविधानविद्हरूले संशोधनका लागि राजनीतिक दलहरूले दिएका परामर्शलाई सरकारले ग्रहण गरी मूर्तरुप दिनुपर्ने सुझाव दिनुभयो।


**गोपालकृष्ण घिमिरे, अध्यक्ष, नेपाल बार एसोसिएसन**

नेपालको वर्तमान संविधान जारी भएको नौ वर्ष भयो। संविधान गतिशील दस्तावेज भएकाले सोहीअनुरूप यो संशोधन र परिमार्जन हुनुपर्छ। सामाजिक अभियानकर्मीको साझा संस्था नेपाल बारले न्यायपालिकाको सन्दर्भ जोडेर राष्ट्रिय सम्मेलनबाट संविधान संशोधनको प्रस्तावलाई पारित गरिसकेको छ। त्यसमा न्यायालय र न्याय परिषद्को पुनःसंरचना, थप शक्तिशाली र अधिकारसम्पन्न उच्च अदालत, बेग्लै संवैधानिक इजलास तथा सर्वोच्च अदालतमा एउटै न्यायाधीश लामो समयसम्म रहने व्यवस्थाको अन्त्यलगायत आठ संशोधनको विषय उठाइएको छ।

व्यवस्थापिकातर्फ पनि नियमित संसद् सञ्चालन र कानुन निर्माणलाई तीव्रता दिनुपर्नेमा त्यस्तो नभएको अवस्था छ। संसद्को मुख्य जिम्मेवारी र कर्तव्य भनेकै संविधानअनुरूप समयमै कानुन निर्माण हो। एउटा अधिवेशनभित्र दर्जनौं कानुन निर्माण गर्नुपर्नेमा वर्ष दिनभित्र एउटा मात्र कानुन बनेको सुनिन्छ। अर्कातर्फ आर्थिक विकास र अन्य कुरालाई संविधानसँग जोडेर हेरिनु युक्तिसङ्गत हुँदैन। संविधान निर्माणपछि तत्तत् क्षेत्रमा गर्नुपर्ने काम भए भएनन्, हेरिनुपर्छ, मूल्याङ्कन हुनुपर्छ। त्यसैले निश्चित अवधिपछि संविधानलाई जनताको आवश्यकतानुसार पुनरवलोकन गरिनुपर्छ भन्ने हाम्रो धारणा हो। त्यसका लागि हामीले सरकार, संसद् र न्यायपालिकालाई सहयोग र सुझाव दिँदैआएका छौँ।

जनमानसमा न्याय खर्चिलो भयो भन्ने पनि सुनिएको छ। अर्कातर्फ फैसला चित्त नबुझेमा माथिल्लामा पुनरावेदनका लागि बिगो र जरिवाना नतिरेसम्म जान नपाइने व्यवस्थाले नागरिकको पुनरावेदन अधिकार प्रयोग गर्न पाउनुपर्ने अधिकारमा प्रश्न उठेको छ। यसको बढी मारमा उद्योगी-व्यवसायी परेका छन्। राज्यले उनीहरूलाई नियमन गर्नुपर्छ, निषेध होइन। देशलाई समृद्ध बनाउन उनीहरुलाई संरक्षण गर्नुपर्छ।

नेपाल बारले असहायका लागि बहस पैरवीको सेवा उपलब्ध गराउँदै आएको छ। यस पवित्र कार्यमा एक हजार तिन सय कानुन व्यवसायी समेटिनुभएको छ। अदालतका फैसला कार्यान्वयन पनि चुस्तदुरुस्त हुनुपर्छ। कार्यापालिकाले फैसला कार्यान्वयनमा उचित समन्वय र सहयोग हुनुपर्छ। पीडितलाई न्याय पाएको अनुभूति हुनुपर्छ। कानुन कार्यान्वयन गर्ने सिलसिलामा सबै आआफ्ना ठाउँमा उभिनुपर्छ। मुलुकमा रहेका तिन तहका सरकारबिचमा सहयोग र समन्वय हुनुपर्छ। एकै खालका कानुन निर्माण गर्नुपर्छ। करका दरमा समेत स्थानीय तह र प्रदेशमा फरक परेको देखिन्छ, त्यसो भएमा जनतालाई ठुलो मर्का पर्छ।




स्थानीय तहमा पालिका उपप्रमुखको नेतृत्वमा न्यायिक अधिकार प्रदान गर्ने संयन्त्र छ। पालिकामा हुने सामान्य झैझगडा र ससाना विवादको मेलमिलाप त्यहीँ हुन्छ, माथि जानु नपर्ने अवस्था छ। न्यायिक निरुपणमा राजनीतिक रङ वा गन्ध देखिएमा न्याय प्रभावित हुने र मर्ने सम्भावना रहन्छ। सामान्य विवाद मिलाउनेबाहेक फैसला गर्नुपर्ने भएमा न्याय अधिकारीबाटै हुनुपर्छ भन्ने मान्यता छ। यसमा सबै स्पष्ट र सचेत हुनुपर्छ।

सात प्रदेशसहित मुलुकका १८ उच्च अदालतलाई अभिलेख अदालतका रूपमा विकास गर्नुपर्छ र केही मुद्दाको अन्तिम फैसला गर्ने अधिकार दिइनुपर्छ। सर्वोच्च अदालतमा रहिआएको मुद्दाको चाप घटाउन यसले सहयोग पुऱ्याउँछ। सर्वोच्च अदालतप्रति सम्मान बढाउने कार्यमा जोडबल हुनुपर्छ। अहिले सर्वोच्च अदालतमा १० वर्ष अवधि कटेका मुद्दा छैनन्। सक्षम जनशक्ति तयार गरी कार्यान्वयन तहलाई प्रभावकारी तुल्याउन सकिएमा परिणाम राम्रो निकाल्न सकिन्छ। अदालतमा गोलाप्रथाद्वारा मुद्दा हेर्ने परिपाटी विकास भएको छ। यसले न्यायालयप्रति उठेका टीकाटिप्पणी अन्त्य गरेको छ। न्यायाधीशको प्रत्येक वर्ष सम्पत्तिको मूल्याङ्कन गरिने चलन पनि अघि बढाइनुपर्छ। संवैधानिक अदालतमा प्रधानन्यायाधीश रहनुहुन्न भन्ने नेपाल बारको भनाइ छ। न्याय परिषद्को भूमिका र न्यायाधीश नियुक्तिलाई व्यवस्थित गरिनुपर्छ। निर्वाचन प्रणालीलाई सुधार गरी संसद्लाई प्रभावकारी बनाउनुपर्छ। निर्वाचनलाई स्वच्छ, स्वतन्त्र र मितव्ययी बनाउन जनस्तरबाट उठेका प्रश्न संविधान सशोधनका बेला ख्याल गरिनुपर्छ। विधायक कानुन निर्माण र संशोधनसँग जोडिएको पद हो। उसको मुख्य जिम्मेवारी संसद्लाई निरन्तर चलाउनु हो।

**लक्ष्मणलाल कर्ण, पूर्वमन्त्री एवं संविधानविद्**

जुन बेला संविधान निर्माण भइरहेको थियो, त्यस बेला सरकार छिटो फेरबदल हुने क्रम चलिरहेको थियो। पाँचबर्से कार्यकालमा सरकार पूरा चल्नुहुन्न भन्नेमा दलहरूबिच एक किसिमको सहमति बन्यो। जो सरकारमा जान्छ, पूरा अवधि चलाओस्, अवरोध नहोस् भन्ने मनसायका साथ कम्तीमा दुई वर्ष प्रधानमन्त्रीविरुद्ध अविश्वासको प्रस्ताव ल्याउन नपाउने व्यवस्था गरियो। तथापि दलहरू त्यो भावनानुरूप चल्न सकेनन्। मुलुकमा हाल सुधारिएको संसदीय व्यवस्था अभ्यासमा छ। यस व्यवस्थामा प्रधानमन्त्रीलाई संसद् भङ्ग गर्ने र अविश्वासको प्रस्ताव राख्न पाउने अधिकार भए पनि राजनीतिक स्थायित्व प्राप्त गरी मुलुकलाई समृद्धितर्फ लैजान सकियोस् भन्ने ध्येयले दुई वर्ष अविश्वासको प्रस्ताव ल्याउन नपाइने गरी प्रतिबन्ध लगाइएको थियो।

वर्तमान संविधानमा धेरै मौलिक अधिकार कल्पना गरिएको छ। यति अधिकारसहित मौलिक हकको व्यवस्था विश्वका संविधानमा कमै पाइन्छ। मजदुरलाई हड्ताल गर्न पाउनेसम्मका अधिकारको व्यवस्था संविधानमै दिइएको छ। देशको विविधतालाई सम्बोधन गर्न सकियोस् भनी समानुपातिक -समावेशिताको व्यवस्था गरिएको छ। त्यस्तै ३३ प्रतिशत महिलाको उपस्थिति राज्यका सबै तह र तप्कामा हुने व्यवस्था छ। अहिले तिन तहमै महिलाको प्रशस्त उपस्थिति छ। विश्वका विकसित मुलुकमा पनि अहिलेसम्म यस्तो पाइँदैन। उनीहरू यस्तो प्रावधान पुऱ्याउने कोसिसमा छन्। संविधानमा यस्ता व्यवस्था समावेश गरिए पनि केही कमजोरी भने हुन गयो।

जनान्दोलनका बलमा स्थापित अन्तरिम सरकारले ल्याएको संविधानले स्वामित्व ग्रहण गरिसकेको आदिवासी, जनजाति, मधेसी, दलित र मुसलमानको विशेष अधिकार समावेश हुन सकेन। देश सङ्घीयतामा गयो तर प्रदेशको अधिकार खुम्चाइयो। संविधानले कल्पना गरेअनुरूप अधिकार बाँडफाँट भएन, केन्द्रमै राखियो। संविधानको मर्म र भावनाअनुरूप निजामती र प्रहरी कानुन छिटो बनाएर त्यससम्बन्धमा प्रदेशलाई जिम्मा दिन अलमल गरियो। त्यसमा अहिले पनि बराबर विवाद चलिरहेको छ। जन्मसिद्ध नागरिकका छोराछोरीहरूलाई नागरिकता प्रमाणपत्र दिन भर्खर नयाँ व्यवस्था भएको छ। यसले केही हदसम्म समस्या समाधान भए पनि विवाहित विदेशी महिलासँग जोडिएको विषय बाँकी नै छ।

संविधानसभाबाट संविधान बनाइसकेपछि दीर्घजीवी तुल्याउन निश्चित अवधिपछि पुनरवलोकन गरि नुपर्छ। समयानुसार संविधानका अव्यावहारिक प्रावधान परिवर्तन गरिनुपर्छ। मुलुकमा एकै किसिमको अवस्था सधैँ रहन्न। जुन संविधान सजिलोसँग संशोधन गर्न सकिन्छ, त्यो मात्रै स्थायी हुन्छ। भारतीय र अमेरिकी संविधान हेरियो भने प्रशस्त संशोधन भएको छ। यसअघिका हाम्रा संविधान संसारकै सर्वोत्कृष्ट भनिए पनि संशोधन नगरिएकाले टिक्न सकेन र अन्त्य भयो। वर्तमान संविधानलाई संशोधनमार्फत परिपक्व बनाउनुपर्छ। हालको सरकार त्यही पृष्ठभूमिमा बनेको छ। संसद्मा उपस्थित सङ्ख्याका आधारमा पनि संविधान संशोधन गर्न सरकारलाई सहज छ। हुन त संशोधनमा सबैको स्वामित्व चाहिन्छ नै, तापनि दुईतिहाइ बहुमत नजिक रहेकाले वर्तमान सरकारले गर्न सक्छ। केही दिनअघि संविधान संशोधनका विषयमा लोकतान्त्रिक समाजवादी पार्टी नेपालले छलफल सुरुआत गरेको छ, संशोधन समिति पनि बनाएको छ। तर कुन के विषय, कुन तरिकाबाट र कसरी भन्नेबारे बाहिर आएको छैन। अब छलफल गर्दिँदै जानुपर्छ। लोकतान्त्रिक समाजवादी पार्टीले संशोधनको कुरा उठाएर अग्रसरता देखाएपछि अन्य पार्टीले स्वीकार्नु राम्रो पक्ष हो। सरकारले यसलाई ग्रहण गर्दै मूर्त रूप दिनुपर्छ। नौ वर्षका अभ्यासमा देखिएका अव्यावहारिक पक्षलाई हटाउनुपर्छ। यसबीचमा सरकार परिवर्तनका मुद्दा लिएर राजनीतिक दलहरू धेरै पटक न्यायालय धाउन पुगे। त्यहाँबाट जेजस्तो निर्णय आयो, त्यसलाई मानेर अघि बढिरहेको अवस्था छ। न्यायालयको आदेशपछि उठेका विषयमा अब सुधार गरिनुपर्छ। मुलुका विभिन्न वर्ग र समुदायको भावना र माग सम्बोधन गर्न पनि संविधान सुधारको खाँचो छ।

अर्कातर्फ संविधानमा रहेका केही नमिल्दा र अप्ठेरा कुरा हटाउन सुधार गरेर जानुपर्छ। सम्पूर्ण कोणबाट हेर्दा वर्तमान संविधानको अभ्यास करिब १० वर्ष भयो। अब पुनरवलोकन नितान्त आवश्यक छ। सरकारले महसुस गरी व्यावहारिक रूप दिनुपर्छ। लोसपाले अहिले कहाँ संशोधन आवश्यक छ भनी मत बनाइसकेको छैन। पार्टीले मेरा संयोजकत्वमा तीन सदस्यीय समिति बनाएको छ। तथापि नागरिकताका बाँकी थोरै विषयको समाधान र प्रदेशलाई अधिकारसम्पन्न गराउने तथा उपराष्ट्रपतिलाई राष्ट्रियसभा अध्यक्ष बनाउने विषय साझा हुनसक्छ। सङ्घमा जस्तै प्रदेश मन्त्रिपरिषद्मा सङ्ख्या किटानी गर्ने र सानो बनाउनेतर्फ पनि अब विचार गरिनुपर्छ। सर्वोच्च अदालतमा लागेको मुद्दाको चाङलाई ख्याल गरी त्यहाँ न्यायाधीशको सङ्ख्या बढाउने, संवैधानिक मुद्दा नियमित हेर्ने बेग्लै इजलास राख्ने र उच्च अदालतलाई थप अधिकार उपलब्ध गराउनेमा पनि अब ख्याल गरिनुपर्छ।रासस

# संविधान संशोधनमा महिलाका मुद्दा

काठमाण्डु। नेपालमा यतिबेला संविधान संशोधनको औचित्य र सान्दर्भिकताबारे बहस भइरहेको छ। संविधानसभाले निर्माण गरेको नेपालको नयाँ संविधान जारी भएको आठ वर्ष पूरा भइसकेकाले संशोधनको बहस हुनु अस्वभाविक होइन। सामान्यतया संविधान जारी भएको १० वर्षभित्र संशोधन गर्ने परम्परा छ। ठूला दुई राजनीतिक दल नेपाली कांग्रेस र नेकपा एमालेबीचको समीकरण पनि संशोधनकै लागि भएको दावा गरिएको छ।

संविधानको धारा २७४ मा नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, स्वाधीनता र जनतामा निहित सार्वभौमसत्ताको प्रतिकूल हुने गरी संविधान संशोधन गर्न नसकिने तर अन्य विषयमा प्रक्रिया पुऱ्याएर संशोधन गर्न सकिने उल्लेख भएकाले संशोधनमा प्रशस्त गृहकार्य गर्नुपर्ने स्पष्ट छ। संशोधनका विषयमा विभिन्न निकायहरुले उठारहेको मुद्दामा अध्ययन पनि जरुरी छ। दलहरुले संविधान पुनरावलोकन कि संशोधन भन्ने विषयमा अझै स्पष्ट गरिसकेका छैनन्। यसका लागि हालसम्म सामान्य गृहकार्य पनि प्रारम्भ भएको छैन। त्यसैले के के विषयमा संशोधन आवश्यक छ भन्ने विषयमा सत्ता साझेदर दलहरुले तत्काल गृहकार्य थाल्नुपर्छ।

पहिलोपटक २००४ सालमा राणा प्रधानमन्त्री पद्मशमशेर जबराले 'नेपाल सरकारको वैधानिक कानुन २००४' भनेर राज्यको वैधानिक कानुन जारी गरेको लगभग ७६ वर्ष नाघेको छ। यो अवधिमा सातवटा संविधानले देशको मूल कानुनको रुपमा मान्यता पाएपनि देशले संवैधानिक स्थायित्व पाउन सकेको छैन्। २०६४ र २०७० सालमा भएको संविधानसभाको चुनावले २०७२ असोज ३ गते वर्तमान 'नेपालको संविधान २०७२' जारी भएर कार्यान्वयनमा आए पनि यसमा प्रशस्त त्रुटीहरु देखिएका छन्। संविधानका धाराहरूको अस्पष्टताका कारण पटक पटक समस्याहरु निम्तिरहेको छ।

राजनीतिक दलहरुले संशोधनका साझा मुद्दामा सहमति जनाए संविधान संशोधन असहज विषय होइन। यद्यपि संवेदनशील विषय भने अवश्य हो तर असम्भव भने छैन। नेपाली कांग्रेस- नेकपा (एमाले) दुई दलबीच भएको ७ बुँदे सहमतिमा संविधान संशोधनको विषयले प्रवेश पाइसकेको छ । नेपालीका कतिपय असन्तुष्टि र अपेक्षालाई संविधान संशोधनमार्फत सम्बोधन गर्ने अवसर मुख्य दुई दलले पाएका छन्। त्यसैले दुई दलले अवसरको सदुपयोग गरेर ०८४ को निर्वाचनमा जनताबाट पुनः अनुमोदित हुने सौभाग्य गुमाउन हुँदैन। ऐतिहासिक अवसरको उपयोग गर्न ढिला गर्न हुँदैन।

संविधान संशोधनको विषय उठिरहेका बेला नेपाली समाजमा उत्पिडनमा परेका वर्गहरुले आफ्ना अधिकार र अवसरको सुनिश्चितता खोजिरहेका छन्। संविधानप्रति असन्तुष्ट कतिपय राजनीतिक दलले पछाडि पारिएका वर्ग, समुदायको अधिकार सुनिश्चित गर्न संविधान संशोधन आवश्यक रहेको औंल्याइरहेका बेला महिलाहरुको मुद्दालाई पनि प्राथमिकतामा राख्नु जरुरी छ। संविधानमा व्यवस्था भएको शासकीय स्वरूप, निर्वाचन प्रणाली, संविधानले व्यवस्था गरेका राज्य संयन्त्रहरूको खर्चिलो र भडकिलो शैलीप्रति धेरै नागरिकले असन्तुष्टि जनाइरहेका बेला नीति र नेतृत्व बनाउने ठाउँसम्म महिलाहरुको समानुपातिक समावेशी अर्थपूर्ण प्रतिनिधित्व हुनु पर्छ भन्ने सवाल जोडतोडले उठिरहेको छ। राज्यको हरेक निकायमा महिलाको ५० प्रतिशत सहभागिता अनिवार्य गरिनुपर्ने आवाज बुलन्द भइसकेको छ। पदाधिकारीमा ३३ प्रतिशत महिलाको हक सुनिश्चित गरी महिलाको लागि प्रत्यक्ष निर्वाचन क्षेत्र निर्धारण गर्नुपर्ने माग पनि उठिरहेको छ।

संविधान बनेपछि नागरिकताको ऐनमा आमाको नाममा नागरिकता प्राप्त गर्न विभिन्न प्रावधानले समस्या निम्त्याएको छ। त्यस्तै वैवाहिक अङ्गीकृत नागरिकताको सन्दर्भमा पुरानै व्यवस्थाले निरन्तरता पाइरहेको छ। यसका कारण विभिन्न व्यावहारिक समस्याहरु निम्ताएको छ। निजामती सेवामा ३३ प्रतिशत महिला प्रतिनिधित्वको व्यवस्था भएपछि २७ प्रतिशत महिलाको प्रतिनिधित्व भएको अवस्था छ। तर सबै महिलालाई एउटै क्लस्टरमामा राख्दा मधेशी, मुस्लिम र दलित महिलाले खासै उपलब्धि प्राप्त गर्न सकेका छैनन्।

महिला, दलित, जनजाति, मधेसी, मुस्लिम, थारू साथै विभिन्न भौगोलिक क्षेत्रबाट प्रतिनिधित्व गर्ने वर्गका लागि प्रशस्त गृहकार्य हुन सकिरहेको छैन। समावेशिताको मुद्दा एकातिर जोडतोडले उठिरहेको भएपनि यसले अस्थिरता निम्ताउने खतरा पनि देखिने भएकाले यसका लागि मध्यम बाटो अवलम्बन नगरी सुख छैन। विशेषगरी महिलाहरुले अवसर र अधिकार नपाएको गुनासो गरिरहेका छन्। विभिन्न निकाय, जात, समुदाय, क्षेत्र वा भूगोलका महिलाले समान अधिकार पाउनुपर्ने आवाजलाई सम्बोधन गर्नुपर्छ।

यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक, अपाङगता भएका, एकल, ग्रामीण इलाकामा बस्ने, अशिक्षित, राजनीतिक पहुँच भन्दा टाढा रहेका महिलाले पनि समान अवसर पाउने व्यवस्था संविधानले सुनिश्चित गर्नुपर्छ। प्राकृतिक स्रोत साधनमा स्थानीय महिलालाई प्राथमिकता दिनेदेखि महिलाहरुको लागि कुनै व्यवसाय सन्चालन गर्नको लागि लगानीमा ऋण सहुलियतको विषय पनि संशोधनको मुद्दाका रुपमा अगाडि सार्नु आवश्यक छ।

राष्ट्रपति एक पटक महिला दोस्रो पटक पुरुष गरी आलोपालो प्रणालीमा निर्धारण गर्ने, न्यायपालिकामा महिलाको सहभागिता ५० प्रतिशत पुऱ्याउन, न्याय परिषद्को सदस्यमा अनिवार्य महिलाको सहभागिता गराउन, विभिन्न संवैधानिक निकायहरुको नेतृत्वमा महिलाहरुलाई आलोपालोकै आधारमा अवसर प्रदान गर्न पनि उत्तिकै जरुरी देखिन्छ। सेना, प्रहरीको हरेक संरचनामा महिलाको ५० प्रतिशत सहभागिता गराउन, राष्ट्रपति, उपराष्ट्रपति, पालिका प्रमुखसम्मको उम्मेदवार तयार गर्दा महिलालाई अनिवार्य सहभागिता खोज्नुपर्ने दायित्व संविधान संशोधनका बेला खोजिनु पर्छ।

नेपालको संविधान २०७२ को प्रस्तावनामा वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैंगिक विभेद र सबै प्रकारका जातीय छुवाछूतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्प गरिएको छ। उक्त सङ्कल्पलाई व्यवहारमा परिणत गर्न महिला र पुरुषबीच सबै खाले विभेद् अन्त्य गर्ने गरी संविधान संशोधन गर्न आवश्यक भइसकेको छ।रासस

# देशमा देखिएका समस्या समाधान गर्न दुई प्रतिष्पर्धी पार्टी एकठाउँमा आयौँ : पर्यटनमन्त्री



काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले देश विकासका लागि देखिएका समस्या समाधान गर्न दुई प्रतिष्पर्धी पार्टी एकठाउँमा उभिनुपरेको बताउनुभएको छ।

मंगलबार आयोजित नेपाल पर्वतारोहण सङ्घको ३४औँ वार्षिकोत्सव समारोहमा उहाँले देशमा देखिएका समस्या समाधान र चुनौतीको सामना गर्न नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) एकठाउँमा उभिन तयार भएको बताउनुभयो । उहाँले भन्नुभयो, "हामी एकताबद्ध भएर सबै प्रकारका समस्या समाधान गर्न चाहन्छौँ । यसमा माओवादी केन्द्र, एकीकृत समाजवादी, रास्वपालगायत सबैलाई जोडेर काम गर्न चाहन्छौँ। दुई पार्टीको मनोमानी कायम गर्नका लागि गठबन्धन बनेको होइन।"

अहिले द्वन्द्व र एकअर्काको खुट्टा तान्ने समय नभएको उल्लेख गर्नुहुँदै मन्त्री पाण्डेले सबै मिलेर देशलाई बनाउने बेला भएको धारणा राख्नुभयो। "देश बनेपछि राजनीतिक प्रतिष्पर्धा गरौंला। त्यसैले कम्तीमा विसं २०८४ सम्म नेपाललाई एउटा गतिमा अघि बढाउने गरी सहकार्य गरौँ। त्यसपछि स्थिर शासन, स्थिर अर्थतन्त्रसहित स्वच्छ प्रतिस्पर्धासहित अगाडि बढ्नु त छँदैछ", उहाँको जिकिर थियो।

आउँदो संसद् अधिवेशनमा पर्यटन र नागरिक उड्डयनसँग सम्बन्धित ऐन बन्ने र यसले पर्यटन क्षेत्र थप चलायमान हुने मन्त्री पाण्डेले आशा व्यक्त गर्नुभयो। उहाँले संस्कृति, पर्यटन र उड्डयन नीतिमा आवश्यक परिमार्जन र नेपाल वायुसेवा निगमलाई सक्षम बनाउँदै हवाई क्षेत्र सुरक्षित राख्ने विषयमा आफ्नो ध्यान रहेको बताउनुभयो।

कार्यक्रममा पूर्वपर्यटनमन्त्री भीम आचार्यले दश वर्षमा एक करोड पर्यटक भित्र्याउने लक्ष्यसहित पर्यटन पूर्वाधार विकासमा जोड दिनुपर्ने बताउनुभयो । उहाँले ठूला विमानस्थल सञ्चालन र नेपाल वायुसेवा निगमलाई सक्षम बनाउन ध्यान दिनुपर्ने आवश्यकता औँल्याउनुभयो । पूर्वपर्यटनमन्त्री बलबहादुर केसीले पर्यटन नीति स्पष्ट र समयसापेक्ष हुनुपर्नेमा जोड दिनुभयो। पर्यटन क्षेत्रलाई उद्योगको रूपमा विकास गर्न जरुरी रहेकाले त्यसतर्फ केन्द्रित हुन पर्यटन व्यवसायीलाई उहाँले आग्रह गर्नुभयो।रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# घरेलु हिंसामा राउत

जनमत पार्टीका अध्यक्ष समेत रहेका संघीय सांसद डा.चन्द्रकान्त राउत (सीके राउत) घरेलु हिंसामा संलग्न रहेको गम्भीर आरोप लागेको छ । धर्मपत्नी सोनी सिन्धु रानीसित अंश र सम्बन्ध विच्छेदका लागि ललितपुर जिल्ला अदालतमा मुद्दा दर्ता गरेका छन् । उनले श्रीमतीमाथि लगाएको आरोपमा माइती बस्न बढी रुचाउने लगायतका आरोपहरु लगाएका छन् । तर उनकी धर्मपत्नी सिन्धु रानीले विवाह भएको १७ वर्ष मध्ये १२, १३ वर्षदेखि शारीरिक, मानसिकलगायतका अनेकौं प्रकारका यातनाहरु दिँदै आएको आरोप लगाएकी छन् । राउतमाथि धर्मपत्नीले चरम यातना दिने गरेको, लण्डन र अमेरिकामा बस्दा समेत शारीरिक र मानसिक यातना दिने गरेको गम्भीर आरोप लगाएकी छन् । तर पनि उनले सम्बन्ध विच्छेद नगर्ने बताएकी छन् । अनेकौं प्रकारको यातना सहन गर्दै १७ वर्षसंगै विताइसकेपछि अब सम्बन्ध विच्छेद गरी माइती नफर्किने उनले बताएकी छन् । विगतमा मानसिक र शारीरिक यातना सहन नसकी डिप्रेशनमा गएको र आत्महत्याको प्रयास गरेकी, सम्बन्ध विच्छेदको कुरा उठाएकी स्वीकार्दै तर अब सम्बन्ध विच्छेद नगरी राउतसँगै बस्ने बताएकी छन् । राउतले धर्मपत्नीलाई विगतमा चिठ्ठी लेखेर नै सम्बन्ध विच्छेद गरी माइतीमा बस्न दबाब दिएका थिए । डा.राउत वैज्ञानिक हुन् । उनी संसारका धेरै देश घुमफिर गरेका छन् । तर धर्मपत्नीमाथि घरेलु हिंसा गरी आत्महत्याका लागि निरुत्साहित गरेको देखिन्छ । अहिले पनि उनले धर्मपत्नीसित सम्बन्ध विच्छेद गरी तीनजना नाबालिग सन्तानलाई साथ राख्ने मुद्दा गरेका छन् । पारिवारिक छलफलमा भएको सहमतिलाई राउतले अस्वीकार गरेको आरोप छ । प्रतिनिधि सभाका सदस्यसमेत रहेका अध्यक्ष राउतले गरेको घरेलु हिंसा सार्वजनिक भइसके पनि प्रतिनिधिसभा र महिला अधिकारकर्मी, अनेकौं संघसंस्थाहरु मौन छन् । सोनी सिन्धु रानीलाई अहिले अधिकारका लागि मात्र नभइ पारिवारिक सुलहका लागि उनीहरुको सहयोग र साथ चाहिएको छ । १७ वर्षदेखि साथ रहँदै आएकी सिन्धु रानीले अहिले पनि साथ छाड्न चाहेकी छैनन् । उनी भारत माइती भएकी एक्लै महिला होइनन् । मधेशमा धेरै नेपाली पुरुषले भारतीय चेलीलाई बिहा गरी ल्याएका छन् । सिन्धु रानीले तीनजना नाबालिग सन्तानलाई छाडेर सम्बन्ध विच्छेद गरी माइती बस्न चाहेकी छैनन् । सिन्धु माथि भएको हिंसा र हिंसा गर्ने व्यक्तिको हैसियत र पहुँच हेर्नुपर्छ । देशमा घरेलु हिंसा रोक्न अनेकौ कानुन छ । मधेशमा हुने घरेलु हिंसाको कारण हजारौँ नारीले ज्यान गुमाइसकेका छन् । त्यसलाई रोक्न चेतना फैलाउने अभियानमा दर्जनौं संघसंस्था सक्रिय छन् । तर वैज्ञानिक रहेका उच्च राजनीतिक पदासीन व्यक्तिले घरेलु हिंसा गर्दा सबै मौन रहनु दूर्भाग्य हो । महिला हिंसामा संलग्न जो सुकै भए पनि कानुन बमोजिम कारबाही हुनुपर्छ । घरेलु हिंसा विरुद्ध अहिले आवाज नउठे हिंसा गर्नेहरुको मनोबल बढने छ । यस तर्फ सबैको ध्यानाकर्षण हुनुपर्छ ।

# दलतन्त्रको 'भेन्टिलेटर'मा लोकतन्त्र

**केशव खतिवडा**

प्राचीन प्रजातन्त्रको अवधारणाको विकास इसापूर्व पाँचौं शताब्दीमा ग्रिसको एथेन्सबाट भएको हो । त्यस समयमा एथेन्सवासीले नीति-निर्माण तथा निर्णयमा र सार्वजनिक मामिलामा सहभागिता जनाउने गर्थे । त्यहाँ जनतालाई राज्यको महत्त्वपूर्ण हिस्सा मानिन्थ्यो ।

मानव समाजको क्रमिक विकासका क्रममा राज्यको उत्पत्ति भयो । राज्यको उत्पत्तिले एकातर्फ शासक वर्गलाई जन्म दियो भने अर्कातर्फ नागरिकहरूको कित्ता छुट्टियो । शासकहरू बढी अधिकार आफूसँग राख्न चाहन्थे भने नागरिकहरू आफू शक्तिशाली बन्न चाहन्थे ।

इतिहासको यही सेरोफेरोबाट नागरिक अधिकारलाई प्रत्याभूत गर्ने जनवाद, जनतन्त्र, दलतन्त्र, प्रजातन्त्र तथा लोकतन्त्रको अवधारणाको विकास क्रमशः हुन पुग्यो, तर यी सबैको अंग्रेजी रूपान्तरण भने डेमोक्रेसी नै हुन्छ ।

जनअसन्तुष्टिका संकेतहरू विदेश पलायन, ठगी विरुद्धको प्रदर्शन, टुँडिखेल काण्ड, सामाजिक सञ्जालमा अनफलो गर्ने अभियानजस्ता घटनाका माध्यमबाट व्यक्त हुन थालेका छन् ।

तसर्थ पर्यायवाची शब्दका रूपमा पनि यी शब्दको प्रयोग हुने गर्छ । केही विशेषताका आधारमा मात्र यी शब्द बिचको अन्तरलाई छुट्ट्याउने गरिन्छ । रुखको बोक्रा लगाएर मानिस जंगली अवस्थामा रहँदा र हाल एआईको विकास गरिरहँदा मानिस शारीरिक रूपले उस्तै-उस्तै छ, चेतना र सभ्यताको हिसाबले भने गुणात्मक रूपले फरक छ । ठिक यस्तै जनअधिकारलाई अभिव्यक्त गर्ने जनवाद, जनतन्त्र, दलतन्त्र, प्रजातन्त्र तथा लोकतन्त्रका बिचमा मात्रात्मक र गुणात्मक भिन्नता रहेको छ ।

रुसोका अनुसार जनवाद भनेको जनताको इच्छामा आधारित शासन प्रणाली हो । जसमा जनताले आफ्ना बारेमा आफैं निर्णय गर्छन् । जसलाई उनले सामूहिक इच्छा भनी व्याख्या गरेका छन् । स्वतन्त्रता र समानतालाई जनवादको प्रमुख आधार मानेका छन् । जनतामा निहित वा जनताको सर्वोच्चता रहेको शासन प्रणाली जनतन्त्र हो ।

दलतन्त्र भन्नाले दलीय प्रणालीलाई जनाउँछ । जहाँ दलहरूका बिचमा प्रतिस्प्रर्धा र विचारमा विविधता रहेको हुन्छ । यस्तो शासन प्रणालीमा राजनीतिक दलहरूको शासन सञ्चालनमा प्रभुत्व वा वर्चस्व कायम रहेको हुन्छ । आवधिक निर्वाचनका माध्यमद्वारा जनप्रतिनिधि निर्वाचित हुन्छन् । दलतन्त्र प्रजातन्त्रभन्दा प्रतिगामी प्रवृत्ति हो ।

अब्राहम लिङ्कनका अनुसार प्रजातन्त्र भनेको जनताद्वारा जनताका लागि जनताको शासन प्रणाली हो ।

दलहरूको महाधिवेशन पूर्णरूपमा कर्मकाण्डी, अपारदर्शी, निरंकुश र तानाशाही शैलीले सम्पन्न हुनु; फरक विचार राख्नेलाई निषेध गर्नु; अल्पमतले बहुमतको चयन गर्नु; पार्टी नेताहरूलाई सम्मानित र अपमानितमा विभाजन गर्नु आदि दलतन्त्रका विशेषता हुन् ।

हामीले अपनाएको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई विशेषताका आधारमा मूल्याङ्कन गर्दा यो दलतन्त्रको अवस्थाबाट गुज्रिरहेको छ कि समुन्नत लोकतन्त्रतर्फ उन्मुख छ ? कसरी दलतन्त्रको 'भेन्टिलेटर'मा लोकतन्त्र रहेको छ। यो आलेखमा यसका बारेमा विशेषताका आधारमा प्रस्ट पार्ने प्रयत्न गरिएको छ ।

### दलतन्त्रका विशेषता

मुलुक यतिखेर दलतन्त्रको दलदलमा यति भासिएको छ कि सुस्त गतिमा समेत अघि बढ्न सकेको छैन, यथास्थितिमा रुमलिरहेको छ । जसलाई देहाय बमोजिमका विशेषताले प्रस्ट पारेको छ ।

१) ठुला र पुराना अधिकांश दलले लामो समयदेखि नेतृत्व हस्तान्तरण नगर्नु । पार्टी विधानमा रहेको उमेरको हद समेत हटाउनु ।
२) दलीय स्वार्थ हाबी हुनु । जनभावनामाथि कुठाराघात गर्नु ।
३) दलभित्र विभिन्न शक्ति केन्द्रको रूपमा गुट निर्माण गर्नु ।
४) गुटहरूबिचको अस्वस्थ प्रतिस्पर्धाले दलहरू नै थिलथिलो हुँदै जानु र राजनीतिक अस्थिरता बढ्नु ।



५) दलीय स्वार्थ पूरा गर्नका लागि सार्वजनिक स्रोत र साधनको चरम दुरुपयोग हुनु ।
६) प्रियतावाद हाबी हुनु । 'डेमागग'को जन्म हुनु । आत्मवञ्चनाको सहारा लिनु ।
७) ललिता निवास, भुटानी शरणार्थी, सुन काण्डजस्ता सर्वदलीय भ्रष्टाचार हुनु ।
८) समर्थकहरूले आलोचनात्मक र सिर्जनात्मक चेत गुमाउनु । नेतृत्वलाई अन्धभक्तिपूर्ण ढंगले देवत्वकरण गर्नु ।
९) नयाँ भनिएका दलहरू पनि पुराना दलको स्कुलिङ र प्रवृत्तिबाट मुक्त हुन नसक्नु ।
१०) दलहरूको महाधिवेशन पूर्णरूपमा कर्मकाण्डी, अपारदर्शी, निरंकुश र तानाशाही शैलीले सम्पन्न हुनु । फरक विचार राख्नेलाई निषेध गर्नु । अल्पमतले बहुमतको चयन गर्नु । पार्टी नेताहरूलाई सम्मानित र अपमानितमा विभाजन गर्नु ।
११) विज्ञताविनाका व्यक्तिहरूलाई दल र गुटका आधारमा राजकीय नियुक्ति गर्नु ।
१२) साम, दाम, दण्ड, भेदमार्फत पार्टी र राजकीय सत्ताको नेतृत्व हत्याउनु र सधैं टिकिरहन खोज्नु ।
१३) लोकतन्त्रको विश्वव्यापी मान्यता विपरीत दुई ठुला दलहरू मिलेर सरकार बनाउनु ।
१४) स्वार्थको टकराबमा दलहरू पटक-पटक विभाजन हुनु ।
१५) निर्वाचनमा नारा र सिद्धान्तको कालो बजारीकरण गरी राजनीतिक ठगी गर्नु ।
१६) दलीय स्वार्थका लागि ह्विपका नाममा विशेषाधिकार सम्पन्न र गरिमामय संसदको फर्निचर भाँच्नु, रोस्टम घेराउ गर्नु, नाराबाजी गर्नु, अमर्यादित शब्द बोल्नु, अनि रेकर्डबाट हटाउनु ।
१७) फरक विचार, मूल्य-मान्यता तथा पहिचानलाई निषेध गर्नु वा अतिवादी प्रवृत्ति हाबी हुनु ।
१८) केन्द्रीय सरकारको स्वरूप अनुसार प्रदेश सरकारहरू फेरबदल हुनु ।
१९) दलपिच्छेका कथित ट्रेड युनियनहरू गठन हुनु । इत्यादि ।

### लोकतन्त्रका विशेषता

समानता, स्वतन्त्रता, संवैधानिक सर्वोच्चता, समावेशिता, नागरिक साझेदारी तथा नागरिकको साझा हितलाई केन्द्रमा राखी सञ्चालन हुने शासन व्यवस्था र प्रजातन्त्रको प्रजातान्त्रीकरण गर्दै जाने प्रक्रिया नै लोकतन्त्र हो ।

१) संवैधानिक र नागरिक सर्वोच्चता ।
२) मानव अधिकारको सुनिश्चितता ।
३) भ्रष्टाचारमा शून्य सहनशीलता ।
४) क्षतिपूर्तिसहितको जवाफदेहिता र उत्तरदायित्व ।
५) जनजीविकाको सुनिश्चितता ।
६) निःशुल्क र अनिवार्य स्वास्थ्य र शिक्षा ।
७) अर्थतन्त्रको लोकतान्त्रीकरण तथा उत्पादनका साधनमाथि नागरिकको साझा हक ।
८) सानो र चुस्त सरकार ।
९) नागरिकहरूमा सादा जीवन, उच्च विचार र उद्यमशीलता ।
१०) निष्पक्ष निर्वाचन ।
११) सशक्त नागरिक समाज र साझेदारी ।
१२) पारदर्शिता र जवाफदेहिता ।
१३) कल्याणकारी राज्य ।
१४) पर्यावरणीय संरक्षण ।
१५) अधिकार र कर्तव्यको सन्तुलन ।
१६) सशक्त ट्रेड युनियन अधिकार ।
१७) फरक विचार मूल्य-मान्यता र पहिचानलाई स्वीकार गर्नु, इत्यादि ।

नेपाली जनताले उच्च राजनीतिक नैतिकता भएका दलहरूसहितको उन्नत लोकतन्त्र चाहेका थिए । उनीहरूले दलतन्त्र, गुटतन्त्र र दलीय निरंकुशता कायम गर्न हाल चर्चामा रहेजस्तो दुई दलीय दलतन्त्र चाहेका थिएनन् ।

दलतन्त्रले दलीय स्वार्थ र कार्यकर्ताको मात्र संरक्षण गर्छ भने लोकतन्त्रले आमनागरिकको संरक्षण गर्छ । यतिखेर मुलुक बेरोजगारी, ठगी, व्यापार घाटा, राजनीतिक अस्थिरता, दर्जनौं भ्रष्टाचारका काण्डहरू, आर्थिक मन्दी, प्रशासनिक अस्थिरता, शिक्षा र स्वास्थ्यमा भएको माफिया करणजस्ता जटिलताबाट गुज्रिरहेको छ । जुन दलतन्त्रका परिणाम हुन् ।

राजनीतिक, आर्थिक, प्रशासनिक, न्यायिक तथा सार्वजनिक सेवाप्रति नागरिक असन्तुष्टि तीव्र रूपमा बढिरहेको छ । परिणामस्वरूप संविधान संशोधनद्वारा संघीयताको पुनर्संरचना गर्नुपर्ने आवाज बुलन्द हुन थालेका छन् । वस्तुगत रूपमा संविधान संशोधनको आवश्यकता खट्किँदै गएको छ ।

जनअसन्तुष्टिका संकेतहरू विदेश पलायन, ठगी विरुद्धको प्रदर्शन, टुँडिखेल काण्ड, सामाजिक सञ्जालमा अनफलो गर्ने अभियानजस्ता घटनाका माध्यमबाट व्यक्त हुन थालेका छन् । जनअसन्तुष्टिको नियन्त्रण दमनबाट सम्भव छैन । यदि हुन्थ्यो भने राणाशासन, पञ्चायती शासन र राजा ज्ञानेन्द्रको शासन अन्त्य हुने थिएन । श्रीलंका र बंगलादेशका शासक भाग्नुपर्ने थिएन । जनअसन्तुष्टिको सम्बोधन नागरिकका इच्छा, चाहना र आवश्यकता पूरा गरेर मात्र गर्न सकिन्छ ।

इतिहास साक्षी छ । संसारका थुप्रै घटनामध्ये श्रीलंका र बंगलादेशका ताजा घटनाले पुष्टि गरेका छन्, दलतन्त्र हाबी हुँदा कसरी लोकतन्त्र भेन्टिलेटरमा पुगेको थियो र जनताले कसरी लोकतन्त्रलाई पुनर्जीवन दिए ।

दलहरूले बुझ्न आवश्यक छ, जबर्जस्ती इनार बनाउन सकिन्छ, तर पानीको मूल फुटाउन सकिँदैन । खोला त झनै बनाउनै सकिँदैन । तसर्थ दल मात्र बनाउने हो भने दलतन्त्रमा लागौँ । आफू र आफ्नो परिवार मात्र बनाउने हो भने गुटतन्त्रमा लागौँ । देश बनाउने हो भने दलतन्त्रको भेन्टिलेटरबाट लोकतन्त्रलाई थप लोकतान्त्रीकरण गर्दै बचाऔँ । दल र गुटको नेता मात्र बन्ने कि ली क्वान यु, मोहमद महाथिर, देङ साओपिङ, जर्ज वासिङ्गटनजस्तो राष्ट्रको नेता र निर्माता बन्ने ? छनोट तपाईंको ।

# चन्द्रमामा बस्न गएकी छाङ्अका नाममा चीनले उडाइरहेको रकेट

**चेतनाथ आचार्य**

पछिल्लो समय चन्द्रमाबारे सबभन्दा बढी अनुसन्धान गर्ने देशका रूपमा चिनिएको छ चीन। अन्तरिक्षको खोज अनुसन्धानबाट चीनले हासिल गरेको उपलब्धिलाई लिएर उसको प्रतिस्पर्धी देश अमेरिकाले समेत प्रशंसा गरेको छ।

सन् २०१९ जनवरीमा पृथ्वीबाट नदेखिने चन्द्रमाको पछिल्लो भागमा चीनले अन्तरिक्ष यान अवतरण गरेपछि विश्वभर प्रशंसा चुलिएको हो।चन्द्रमा छुन पुग्ने चिनियाँ रकेटको नाम 'छाङ्अ' हो। चीनले चन्द्रमामा पठाएको रकेट शृंखलाको नाम किन छाङ्अ राख्यो भन्ने बारेमा रोचक मिथक जोडिन आउँछ।

मिथक कथाकी एक पात्र हुन् 'छाङ्अ'। चिनियाँ भाषामा यसको अर्थ हुन्छ परी। चार हजार वर्ष पहिले पृथ्वीबाट उडेर गएकी छाङ्अ चन्द्रमा अर्थात् स्वर्गमा बस्छिन् भन्ने चिनियाँ विश्वास छ। चिनियाँहरूको परम्परागत मान्यता अनुसार चन्द्रमा भनेकै स्वर्ग हो।

छाङ्अको रोचक कथाको प्रसंग यस्तो छ।

कुनै बेला आकाशमा दसवटा सूर्य एकैचोटि उदाउँथे। तिनको तापले पृथ्वीमा कुनै पनि जीव बाँच्नै नसक्ने भए। सूर्यको प्रचण्ड ताप कम गर्ने विषयमा स्वर्गका भगवानहरू पनि सोचमग्न थिए।

त्यही बेला एकजना साहसी व्यक्ति देखापरे। उनको नाम थियो – हौ यी।

उनी तीर हान्न निकै सिपालु थिए। उनले तीर हानेर नौवटा सूर्यलाई आकाशबाट खसालिदिए। आकाशमा एउटा मात्र सूर्य भएपछि पृथ्वीमा प्रचण्ड तापमान हरायो र सामान्य अवस्था सिर्जना भयो। तिनै हौ यीले अत्यन्त सुन्दरी छाङ्असँग बिहे गरे।

हौ यीको तीरकलाबाट प्रभावित भएर स्वर्गकी रानीले अजम्बरी हुने खाद्य पदार्थ 'बुटी' दिएकी थिइन्। त्यो बुटी खाएपछि जिउँदै स्वर्गमा उडेर जान सकिन्थ्यो र सदा अमर भएर स्वर्गमा बस्न पाइन्थ्यो। हौ यीले बुटी सुरक्षित राख्न छाङ्अलाई दिएका थिए।

हौ यीले सबैलाई तीर चलाउने कला सिकाउँथे। उनका थुप्रै शिष्य भए पनि उनीजत्तिकै निपुण कोही थिएनन्। उनका शिष्यमध्ये फङमङले उक्त बुटी खाएर अमर हुने षड्यन्त्र बुने।

एक दिन हौ यीले आफ्ना सबै शिष्य लिएर जंगलमा तीर हान्न जाने योजना बनाएका थिए। त्यो दिन फङमङले आफूलाई सन्चो नभएकाले जंगल जान नसक्ने बताए र सबै गएपछि हौ यीको घर गएर अजम्बरी बुटी चोर्ने विचार गरे। उनले छाङ्अलाई धम्क्याए र बुटी नदिए मारिदिने डर देखाए। छाङ्अले उनलाई बुटी दिनुभन्दा आफै खाने विचार गरिन् र क्वाप्पै खाइदिइन्।

बुटी खाएपछि छाङ्अ उडेर 'स्वर्ग' अर्थात् चन्द्रमामा पुगिन्। जंगलमा तीर हान्ने काम सकेर साँझ फर्केर आएपछि मात्र छाङ्अ उडेर चन्द्रमामा गएको हौ यीले थाहा पाए। उनी पत्नी वियोगको पीडामा परे। सधै चन्द्रमातिर हेरेर आफ्नी श्रीमती फर्केर आउने कल्पना गरेर बसे।एकदिन हौ यीले छाङ्अलाई मनपर्ने परिकारहरू बनाएर टेबलमा सजाएर राखे। त्यो दिन हौ यीलाई भेट्न छाङ्अ पृथ्वीको नजिकै आइन्। आफूलाई मनपर्ने परिकार देखेर खुसी भइन्।

छाङ्अ आफ्नो प्रिय हौ यीलाई भेट्न आएको उक्त दिन परम्परागत चिनियाँ पात्रोअनुसार आठौं महिनाको १५ औं दिनको पूर्णिमामा रात थियो। त्यसपछि उक्त पूर्णिमाका दिन चन्द्रमा सबभन्दा चम्किलो र आकारमा सबभन्दा ठूलो हुन्छ भन्ने चिनियाँ विश्वास रहँदै आएको छ।हौ यीलाई भेट्न छाङ्अ पृथ्वी नजिक आएको दिनको त्यही सम्झनामा चिनियाँहरू चन्द्रमा हेर्दै केक खान्छन्। यो समय शरद ऋतुको मध्यमा पर्ने भएकाले यसलाई मध्य शरद चाड पनि भनिएको हो।

परापूर्वदेखि मनाइँदै आएको यो चाडलाई सातौं शताब्दीमा चीनको थाङ राजवंशले राष्ट्रिय चाडका रूपमा मनाउन थालेको थियो। सन् २००६ मे २० मा चीनले अभौतिक सांस्कृतिक सम्पदामा राख्यो र सन् २००८ देखि मध्य शरद चाडका अवसरमा चीनमा सार्वजनिक बिदा दिन थालियो।

आधुनिक विज्ञानमा छलाङ मार्दै चन्द्रमा खोज अनुसन्धानमा चीनले महत्वपूर्ण उपलब्धि हासिल गरेको छ। त्यही चन्द्रमालाई स्वर्गको प्रतीक मान्दै पूजा गर्ने चलन पनि चीनमै छ। एकातिर सांस्कृतिक संरक्षणका रूपमा परम्परागत विश्वासलाई चीनले भयंकर प्रचार गर्दै आएको छ भने, अर्कातिर अन्तरिक्ष विज्ञानमा चीनले प्रगति विश्वमै अग्रणी भागमा पुगेको छ। यी विरोधाभास विषयलाई नियाल्दा विश्वास र आधुनिक विज्ञानमा चीनको बेजोड लगाव देखिन्छ।

### मिथक परीकै नाममा चिनियाा अन्तरिक्ष यान

चीनले अन्तरिक्ष अन्वेषणका लागि प्रक्षेपण गरिने यानको नाम 'छाङ्अ' राखेको छ। पाँच हजार वर्ष अगाडि अमृत पिएर चन्द्रमामा पुगेर बसेकी परीकै नाममा आफ्नो शृंखलावद्ध प्रक्षेपण गरिने रकेटको नाम छाङ्अ राखेको हो। चीनको चन्द्रमा अन्वेषण कार्यक्रमलाई 'छाङ्अ परियोजना' पनि भनिन्छ। यो चिनियाँ राष्ट्रिय अन्तरिक्ष प्रशासनद्वारा सञ्चालित 'रोबोटिक मून मिसन' को निरन्तर शृंखला हो।



चन्द्रमा केकले सजिएको पसल

चीनले सन् २०२३ जुलाइमा अन्तरिक्ष कार्यक्रमको लक्ष्य प्रस्तुत गरेको थियो। जस अनुसार सन् २०३० सम्ममा चन्द्रमामा मानव अवतरण गराउने योजना छ। त्यसो त सन् २०१९ मै चिनियाँ राष्ट्रिय अन्तरिक्ष प्रशासन कार्यालयका प्रमुख चाङ खचियानले दस वर्षभित्रमा चन्द्रमाको दक्षिणी ध्रुवमा वैज्ञानिक अनुसन्धान केन्द्र निर्माण गर्ने योजना बताएका थिए।

चीनले सन् २००७ मा पहिलोपटक चन्द्रमामा छाङ्अ-१ प्रक्षेपण गरेको थियो जसले चन्द्र सतहको मौलिक संरचना मापन गऱ्यो। त्यसपछि सन् २०१० मा छाङ्अ-२ र सन् २०१३ मा छाङ्अ-३ प्रक्षेपण गऱ्यो। त्यसैगरी सन् २०१८ मा छाङ्अ-४ र सन् २०२० मा छाङ्अ-५ अन्तरिक्ष यान सफल रूपमा प्रक्षेपण गऱ्यो। सन् २०२४ मे ३ मा चीनले छाङ्अ-६ प्रक्षेपण गरेको छ। चीनको योजना अनुसार सन् २०२६ मा छाङ्अ-७ प्रक्षेपण गर्ने छ।

### 'चन्द्रमा' खाँदै चन्द्रमा हेर्दै

यो चाड मनाउन टाढा पुगेका परिवारका सदस्यहरू एकै ठाउँ भेला हुनैपर्ने भएकाले यसलाई पारिवारिक पुनर्मिलनको चाडका रूपमा लिइन्छ। यो चाड मनाउँदा चन्द्रमा हेर्नैपर्ने मान्यता छ। बरन्डा अथवा झ्यालको छेउमा गएर चन्द्रमा हेर्दै चिनियाँहरू केक खान्छन्।

मुख्य रूपमा पिठोमा अण्डा र विभिन्न फलफूल मिसाएर बनाइने केकलाई बास्नादार र स्वादिलो बनाउन विभिन्न फूलको रस मिसाइन्छ। मूलतः यो चाड मनाउन तीनवटा कुरा हुन अनिवार्य छ; केक, चन्द्रमा देखिनु र पारिवारिक पुनर्मिलन।केकलाई चन्द्रमाकै आकारमा बनाइएको हुन्छ। यसलाई चन्द्रमाकै प्रतीक पनि मानिन्छ। त्यसकारण भनिन्छ, यो दिन चिनियाँहरू चन्द्रमा खाँदै चन्द्रमा हेर्छन्।पहिले पहिले घरमा गोलो ठूलो रोटी पकाएर परिवारका सदस्य बराबर भाग लगाएर चन्द्रमा हेर्दै खाने चलन थियो।

मान्यता कति कडा थियो भने, सो रोटी भाग लगाउँदा परिवारका सदस्यभन्दा एक टुक्रा पनि घटीबढी बनाउन पाइँदैन थियो। हिजोआज बनिबनाउ केक बजारमा छ्यापछ्याप्ती किन्न पाइने भएपछि चिनियाँहरू घरमा बनाउँदैनन्। साथी र आफन्तबाट यो समयमा पाउने उपहार पनि केकका बट्टाहरू नै हुन्। परम्परागत चिनियाँ पात्रो अनुसार औंसीबाट महिना सुरू हुन्छ। चिनियाँ मान्यतामा आठौं महिनाको पन्ध्रौं दिनमा पर्ने पूर्णिमामा देखिने चन्द्रमा पृथ्वीबाट अरू बेलाभन्दा नजिक र सबभन्दा बाटुलो देखिन्छ। अनि यही दिनलाई चिनियाँहरू 'चोङ छ्यौ च्ये' भन्छन्। चिनियाँ भाषामा चोङ भनेको मध्य र छ्यौ भनेको शरद हो। त्यसपछि आउने च्ये शब्दको अर्थ चाहिँ चाड अथवा पर्व हुने गर्छ। त्यसकारण यो दिनलाई मध्य शरद पर्वका रूपमा चीनमा मनाइन्छ।यो वर्ष मध्य शरद पर्व आज (सेप्टेम्बर १७ तारिख) परेको छ।

यस पर्वको साँझ चिनियाँहरूले चन्द्रमाको दर्शन र पूजाआजा गर्छन्। रंगीबिरंगी बत्ती बालेर परिवारका सबै सदस्य भेला भएर विशेष प्रकारको केक खान्छन्। अनि आपसमा सुख, शान्ति, समृद्धि र सौभाग्यका लागि शुभकामना बाँड्छन्। साँझमा चन्द्रमाको पूजाआजा गर्न विशेष प्रकारको केक नभई हुँदैन। यो केकलाई चिनियाँ भाषामा 'युए पिङ' भनिन्छ। युए भनेको चन्द्रमा र पिङ भनेको रोटी हो।नेपालीहरूले बुझ्ने जस्तो यो रोटी बाटुलो र पातलो हुँदैन। बरू भुक्क परेको र हत्केलामा अट्ने भएकाले यसलाई अंग्रेजी अनुवाद गर्दा 'मूनकेक' भनिएको हो। यो ठ्याक्कै चन्द्रमा आकारको हुन्छ।

यो विशेष प्रकारको रोटीमा विभिन्न खाद्य पदार्थ राखिएको हुन्छ। त्यसकारण साधारण रोटीभन्दा निकै फरक हुन्छ। यस किसिमको रोटीको बाहिरी भागमा प्रायः चिनियाँ पौराणिक कथामा उल्लेख भएकी 'छाङ्अ' नामकी परी चन्द्रमातिर उडेर गएको चित्र बनाइएको हुन्छ (हेर्नुस् आवरण तस्बिर)। त्यसो त समृद्धि जनाउने अन्य चित्र पनि राखिएका हुन्छन्।

यस पर्वका साँझमा पूर्ण गोलाकार चन्द्रमा उदाउँदा मानिसहरू चन्द्रमातिर उक्त केक देखाउँदै पूजा गर्छन् र परिवारका सबैजना बसेर खुसीसाथ खान्छन्।चीनका विभिन्न क्षेत्रहरूका रोटीको शैली र स्वाद फरक फरक हुन्छ। चिनियाँहरूको जीवनस्तरमा सुधार हुँदै आएपछि रोटीभित्र राखिने चिजबिजहरूमा पनि परिवर्तन हुँदै आएको छ। चिनी, बयर, नरिवल, राजमा, सुकुटी मासु बाहेक हाँसका नुनिला अण्डाको पहेँलो भाग, फलफूलका टुक्रा र भेनेगर आदि रोटीमा हालिएको हुन्छ।

### अल्पसंख्यक जातिका रोचक चलन

चीनमा रहेका विभिन्न अल्पसंख्यक जातिमा यो चाड मनाउने चलन पनि फरक फरक छ।

'ताई' जातीय मान्यता अनुसार स्वर्गका सम्राटका तेस्रो छोरा नै चन्द्रमाका रूपमा रहेका हुन्। उनले ताई जातिको नेतृत्व गरेर शत्रुलाई परास्त गरेका थिए। उनको निधन भएपछि चन्द्रमा बनेर आकाशमा नरम चाँदनीबाट अँध्यालोमा प्रकाश छरेर ताई जातीय सर्वसाधारणलाई उज्यालो दिएका हुन् भनिन्छ।

चीनको अर्को अल्पसंख्यक जाति 'अलुनछुन' जातिमा चन्द्रमाको पूजा गर्ने चलन फरक छ। उनीहरू खाली ठाउँमा सफा पानीले भरिएको भाँडो राख्छन् र चन्द्रमाको छाया पानीमा प्रस्ट देखिएपछि साना ढुंगा हानेर चन्द्रमालाई गिज्याउँछन्।

'मंगोलिया' जातिमा चाहिँ घोडा चढेर चन्द्रमा तिर लम्किने चलन छ। चीनको उत्तरी क्षेत्रमा पर्ने भित्री मंगोलिया स्वायत्त प्रदेशको घाँसे मैदानमा घोडा चढेर चन्द्रमातिर दौडाउँदै रमाइलो गरिन्छ। मंगोलिया जातिजस्तै तिब्बती जातिमा पनि चन्द्रमा खोज्ने चलन छ। उक्त पर्वको राति तिब्बती युवायुवती र बालबालिकाहरू नदी वा तालमा रहेको चन्द्रमाको छाया हेर्न जान्छन्।

चीनको उत्तर-पूर्वी क्षेत्रमा बसोबास गर्ने 'ह च' जातिका मान्छेहरू मध्य शरद पर्वमा अंगुर टिपेर चन्द्रमाको पूजा गर्छन्।त्यसैगरी 'यी' जातिका विभिन्न गाउँका गाउँलेहरू एउटै ठाउँमा भेला भएर रमाइलो गर्दै नाचगान गर्छन्। युवायुवतीहरू गीतमार्फत आपसमा माया व्यक्त गर्छन्। उक्त समयमा आकाशमा रहेको चन्द्रमाले पनि उनीहरूबीचको चोखो प्रेम सुन्छन् भन्ने विश्वास छ।

## रास्वपाको राष्ट्रिय भेलाः

# साङ्गठनिक प्रतिवेदनमाथि छलफल र प्रदेशको 'रिपोर्टिङ'



काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को राष्ट्रिय भेला आजदेखि काठमाडौँको प्रज्ञा भवनमा सुरु भएको छ ।

बुधवारसम्म भल्ने भेलाको पार्टी सभापति रवि लामिछाने र पदाधिकारीले घण्टी बजाएर उद्घाटन गर्नुभयो । पहिलो राष्ट्रिय भेलाको उद्घाटन समारोहमा सभापति लामिछानेले दुईतिहाइको बहुमत नल्याउँदासम्म रास्वपा बनाउने अभियानमा निरन्तर जोडिरहन आह्वान गर्नुभयो । उहाँले आफूले पार्टीको नामदेखि सहकारी प्रकरणसम्म लडिरहनुपरेको उल्लेख गर्नुहुँदै पार्टी नेता कार्यकर्तालाई पनि  जस्तोसुकै परिस्थितिमा दृढतापूर्वक लडिरहन आग्रह गर्नुभयो । "हामी र हाम्रो पार्टीमाथि निरन्तर प्रहार भइरहने छ ।

यस्ता आक्रमण तथा प्रहार सामना गर्न तयार रहौँ । रास्वपा जित्न र हार्नका लागि नभइ परिवर्तन र प्रेरणाका लागि राजनीतिमा होमिएको हो । हामी लड्यौँ भने आफ्नै गोडामा अल्झिएर लड्ने हो अरुले लडाउन सक्ने छैन", सभापति लामिछानेको भनाइ थियो ।

उहाँले इलाममा सङ्गठन र रणनीति बनाउन नसक्दा आफूहरू हारेको स्वीकार्दै आगामी २०८४ सालको निर्वाचनमा बहुमत ल्याउने गरी क्रियाशील हुन नेता कार्यकर्तालाई आग्रह गर्नुभयो । सहकारीसम्बन्धी संसदीय विशेष छानबिन समितिको प्रतिवेदनका सम्बन्धमा सभापति लामिछानेले आफूलाई लाञ्छाम लाउनेहरूले प्रमाण दिन नसकेको जिकिर गर्नुभयो । उहाँले भन्नुभयो, "हिजो मात्रै प्रतिवेदन संसदमा पेश भएको छ । थाहा भयो प्रमाण भनेको कस्तो हुन्छ भन्ने कुरा, अब सहकारीको कुरा त सकियो । विषय सहकारीबाट गोखा मिडियातिर जान्छ ।"

उहाँले सरकारमा जान हुँदैन थियो भन्ने कुरा आफूले अहिले आएर महसुस गरेको सुनाउनुभयो । राष्ट्रिय भेलाको पहिलो दिन मंगलबार कार्यवाहक महामन्त्री एवम् संगठन विभाग प्रमुख कविन्द्र बुर्लाकोटीले साङ्गठनिक प्रतिवेदन पेस तथा छलफल र बुधबार सभापति रवि लामिछानेको राजनीतिक प्रतिवेदन पेस हुनेछ । भेलाले पार्टीको राष्ट्रिय अभियान घोषणा तथा प्रथम महाधिवेशनको मिति तय गर्ने जनाइएको छ ।


भेलामा देशभरबाट एक हजार ५०० बढी प्रतिनिधि सहभागी छन् । मंगलबार विभिन्न प्रतिवेदन र प्रस्तावमा छलफल हुनेछ । पहिलो दिन सबै प्रदेशले रिपोर्टिङ गरेपछि आर्थिक, अनुशासन र संसदीय मामिलासँग सम्बन्धित प्रतिवेदनसमेत पेस गरिने जनाइएको छ । मंगलबारै विधान संशोधन, नीति-विचार, मूल्य-मान्यता, क्यान्डिडेट क्लब र लिडरसिप एकेडेमीबारेका प्रस्ताव राख्ने कार्यसूची छ ।

भेलाको दोस्रो दिन बुधबारबार प्रस्तुत सबै प्रतिवेदन र प्रस्तावउपर समूहगत छलफल हुने छ । बुधबार नै प्रश्नोत्तरका लागि तीन घण्टा समय छुट्याइएको छ भने अपरान्ह सबै प्रतिवेदन र प्रस्ताव पारित गरेपछि पहिलो महाधिवेशनको मिति र स्थान घोषणा गर्दै भेला सम्पन्न हुनेछ । भेलामा छलफलका लागि ल्याइने प्रतिवेदन र प्रस्ताव सोमबार बसेको केन्द्रीय समितिको बैठकले पारित गरेको थियो ।रासस

# समृद्ध मुलुक निर्माणका निम्ति प्रविधिको उपयोग अपरिहार्य छः प्रधानमन्त्री

**बाह्रौं राष्ट्रिय विज्ञान दिवसका अवसरमा मंगलबार जारी गर्नुभएको शुभकामना सन्देशमा उहाँले विज्ञानको संसारमा हाम्रो आफ्नै वैज्ञानिक खोज परम्परालाई पुनःजागृत गर्नुपर्नेमा जोड दिनुएको छ ।**

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले 'समृद्ध नेपाल, सुखी नेपाली'को राष्ट्रिय आकाङ्क्षा पूरा गर्न विज्ञान तथा प्रविधि क्षेत्रको भूमिका महत्वपूर्ण हुने बताउनुभएको छ ।




बाह्रौं राष्ट्रिय विज्ञान दिवसका अवसरमा मंगलबार जारी गर्नुभएको शुभकामना सन्देशमा उहाँले विज्ञानको संसारमा हाम्रो आफ्नै वैज्ञानिक खोज परम्परालाई पुनःजागृत गर्नुपर्नेमा जोड दिनुएको छ ।

"पूर्वीय दर्शनले सयौँ वर्षअघिदेखि कसरी वैज्ञानिक खोजलाई आफूमा समाहित गरेको थियो भन्ने प्रमाण हाम्रा शास्त्र र ग्रन्थहरूमा प्रष्ट छन् । हाम्रो शिक्षा प्रणाली परापूर्वकालमा असाधारण र विज्ञान प्रवर्तक थियो । समयक्रममा हामीले आफ्नो ढङ्गले यसलाई विकास गरेर जान सकेनौँ", सन्देशमा भनिएको छ, "बाँकी संसारले ज्ञानको उज्यालोसँग साक्षात्कार गर्न नपाएको युगमा  पनि विज्ञानका युगान्तकारी सिद्धान्त हाम्रो शिक्षा, शैक्षिक प्रणाली र मौलिक परम्परामा समेटिएका थिए । खगोलशास्त्र, भूगोलशास्त्र, औषधि विज्ञान, जीव विज्ञानको क्षेत्रमा हेर्दा हामी उहिल्यै अगाडि थियौँ । अब फेरि हाम्रो आफ्नै वैज्ञानिक खोज परम्परालाई पनि पुनःजागृत गर्नुपर्नेछ ।"

प्रधानमन्त्रीले विकास-निर्माणका कामलाई द्रुत गतिमा कार्यान्वयन गर्न सरकारले विज्ञान र प्रविधिलाई मेरुदण्डका रुपमा अङ्गीकार गर्दै आर्थिक विकास एवं सामाजिक रुपान्तरणका साथै प्राविधिक विकासलाई उत्पादनको मूल आधार मानिएको जनाउनुभयो ।

"सरकारले विज्ञान र प्रविधिको शिक्षालाई प्रगतिको वाहकका रूपमा अङ्गीकार गर्ने नीति लिएको छ । विज्ञान र प्रविधिको क्षेत्रमा विद्यमान संरचनाहरूको सशक्तीकरण र सबलीकरण पनि उत्तिकै आवश्यक रहेको छ । यस्ता सङ्गठनहरू उच्चस्तरीय आयोग बनाई पुनःसंरचनाको खाका तयार गरी कार्यान्वयन गर्ने सरकारको दीर्घकालीन नीति रहेको छ", सन्देशमा भनिएको छ । सरकारले अनुसन्धान तथा उद्यमशीलता प्रवर्द्धन गर्न आविष्कार कोष, 'स्टार्टअप फण्ड'जस्ता वैज्ञानिक, अनुसन्धानकर्मी र देशमै उद्यम गर्न खोजिरहेका युवा केन्द्रित कार्यक्रमका लागि सरकारले बजेट विनियोजन गरेको जनाउँदै सन्देशमा विज्ञानको प्रयोग गरी तथ्यमा आधारित नीति, कार्यक्रम निर्माणमा केन्द्रित हुन आवश्यक रहेको बताउनुभएको छ ।रासस

# 'किसानको जीवनमा सकारात्मक परिवर्तन आवश्यक'



काठमाण्डु । कृषि तथा पशुपक्षी विकासमन्त्री रामनाथ अधिकारीले किसानको जीवनमा सकारात्मक परिवर्तन ल्याउन जरुरी रहेको बताउनुभएको छ । बल्खुस्थित कृषि तथा तरकारी बजारको वार्षिक उत्सव कार्यक्रममा बोल्दै मन्त्री अधिकारीले किसानको जीवनमा सकारात्मक परिवर्तन नआएसम्म राज्यले  लिएका लक्ष्य पूरा हुन नसक्ने बताउनुभयो । आफूले मन्त्रालयको  जिम्मेवारी लिएदेखि किसानलाई मलको सहज व्यवस्था, दूध किसानको बक्यौता भुक्तानीका लागि पहल गरेको उल्लेख गर्दै उहाँले कृषि उपजको उत्पादनसँगै बजारीकरणमा किसानले समस्या भोग्न नपरोस् भन्ने चाहना रहेको बताउनुभयो ।

तरकारीमा विषादीको प्रयोग बढ्दै गएकामा चिन्ता व्यक्त गर्दै मन्त्री अधिकारीले यसलाई न्यूनीकरण गर्न जरुरी रहेको उल्लेख गर्नुभयो । विषादी  न्यूनीकरण गर्न मन्त्री अधिकारीले किसानलाई आग्रह पनि गर्नुभयो । किसानको उत्पादन सहरसम्म ल्याई बिक्रीको व्यवस्था गर्न बल्खुको जस्तो कृषि बजारको आवश्यकता रहेको मन्त्री अधिकारीले भनाइ थियो ।रासस

# राजनीतिक स्थिरता र सरकारको स्थायित्वका लागि वर्तमान गठबन्धनः उपप्रधानमन्त्री सिंह

कैलाली । उपप्रधानमन्त्री तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले राजनीतिक स्थिरता र सरकारको स्थायित्वका लागि संसद्का दुई ठूला दलको गठबन्धन बनेको बताउनुभएको छ ।



नेपाल प्रेस युनियन, कैलाली शाखाले मंगलबार धनगढीमा आयोजना गरेको पत्रकार सम्मेलनमा उहाँले यसअघि बनेका सरकार पटकपटक परिवर्तन हुँदा उत्पन्न परिस्थितिलाई सहज बनाउन नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (नेकपा) मिलेर सरकार बनाउनुपरेको धारणा राख्नुभयो । "पटकपटक सरकार परिवर्तन हुँदा विकास निर्माण, शान्ति सुरक्षादेखि आर्थिक गतिविधिमा समेत समस्या देखियो, जसले जनतामा निराशा थप्न भूमिका खेल्यो । त्यसैकारण हामीले सात बुँदे समझदारीसहित वर्तमान सरकार बनेका हौँ । सोहीअनुसार सरकारले काम गरिरहेको छ", उपप्रधानमन्त्री सिंहले भन्नुभयो ।

उहाँले वर्तमान सरकारले भूकम्प, कोरोना महामारीलगायत कारणले शिथिल बनेको अर्थतन्त्रलाई पुरानै अवस्थामा फर्काउने उद्देश्यका साथ काम अगाडि बढाएको धारणा राख्नुभयो । सङ्घीयताको मर्म र जनचाहनाअनुसार राष्ट्रिय हित, संविधानको प्रभावकारी कार्यान्वयन, विकासका काममा गतिदिने गरी काम गर्न आफूहरू प्रतिबद्ध भएर लागेको उपप्रधानमन्त्री सिंहको भनाइ थियो ।

सहकारी बचत रकम दुरुपयोगका सम्बन्धमा सञ्चारकर्मीले राखेको जिज्ञासामा सहरी विकासमन्त्री सिंहले संसदीय छानबिन समितिको प्रतिवेदनअनुसार सरकारले काम अगाडि बढाउने स्पष्ट पार्नुभयो । "हिजो मात्रै समितिले प्रतिवेदन बुझाएको छ । सरकारले गर्नुपर्ने कामका विषयमा सिफारिस र सुझाव आएका छन्, त्यसको अध्ययन गरेर थप कारबाही अगाडि बढाउन सरकार प्रतिबद्ध छ । आमबचतकर्ताको रकम फिर्ता र दोषीलाई कारबाहीको प्रक्रियामा ल्याउँछौँ", उहाँले भन्नुभयो ।रासस

# राष्ट्रपतिद्वारा इन्द्रजात्रा अवलोकन



काठमाण्डु । राष्ट्रपति रामचन्द्र पौडेलले इन्द्रजात्राका अवसरमा हनुमाढोका दरबारमा मंगलबार आयोजित जात्रा अवलोकन गर्नुभएको छ । उहाँ नयाँ सडककस्थित जुद्ध सालिकबाट गद्दी बैठकसम्म हिँडेर जानुभएको थियो ।

गत वर्षदेखि राष्ट्रपति पौडेल जुद्ध सालिकबाट गद्दी बैठकसम्म पैदल जान थाल्नुभएको हो । गद्दी बैठक पुगेर राष्ट्रपति पौडेलले श्रीगणेश, श्रीभैरव र श्रीकुमारीको रथमा दक्षिणा चढाएपछि गणेश, भैरव र कुमारीको रथयात्रा प्रारम्भ भएको थियो ।

इन्द्रजात्रा अवलोकन गर्न उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री केपी शर्मा ओली, प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष नारायण दाहाल, उपप्रधानमन्त्रीद्वय प्रकाशमान सिंह र विष्णुप्रसाद पौडेल, गृहमन्त्री रमेश लेखक, संस्कृति, पर्यटन तथा नागरिक उड्ययनमन्त्री बद्रीप्रसाद पाण्डेलगायत मन्त्रिपरिषद्का सदस्य, सांसद, प्रदेशसभा सदस्य, यहाँस्थित कूटनीतिक नियोगका प्रमुख एवं प्रतिनिधि, स्थानीय तहका जनप्रतिनिधि लगायत समाजका प्रतिष्ठित व्यक्तिहरू सहभागी हुनुहुन्थ्यो ।

भाद्र शुक्ल द्वादशीका दिन बिहान हनुमानढोका दरबार क्षेत्रमा इन्द्रध्वजोत्थान गरी सुरु भएको इन्द्रजात्राको आज मुख्य दिन हो । आज तल्लोटोलमा रथयात्रा चलाइने गुठी संस्थान धार्मिक शाखाका प्रमुख हरिप्रसाद सुवेदीले राससलाई जानकारी दिनुभयो । बुधबार माथिल्लो टोलमा रथयात्रा गरिने छ । असोज ५ गते शनिबार महिलाले मात्र रथ तानेर नानीचा यात्रा चलाइने छ । सोही दिन अपराह्न राष्ट्रपति पौडेलले कुमारीबाट टीका एवं प्रसाद ग्रहण गर्नुहुनेछ । टीका, प्रसाद ग्रहण गरेपछि राष्ट्राध्यक्षले कुमारीसँग खड्ग साट्ने परम्परा छ ।

असोज ५ गते राति १०:३१ बजे इन्द्रध्वजोपतनपछि इन्द्रजात्रा समापन हुन्छ । इन्द्रजात्रा प्रताप मल्लको शासनकालमा सुरु भएको विश्वास छ । इन्द्रजात्रामा रथयात्राको चलन भने राजा गुणकामदेवले सुरु गर्नुभएको थियो ।

काठमाडौँ उपत्यकामा मनाइनेमध्ये यो सबैभन्दा लामो जात्रा हो । वर्षा र सहकालका देवताका रुपमा पूजिने इन्द्रको मंगलबार पूजार्चना पनि गरिएको थियो । जात्राका अवसरमा लाखे, दशावतार, महाकाली, रामचन्द्र, पुलुकिसी नाचलगायत सांस्कृतिक झाँकी पनि प्रस्तुत भएको थियो ।रासस

# पर्वले मेलमिलाप, भ्रातृत्व र सद्भाव बढाउन सहयोग पुग्छ : उपराष्ट्रपति यादव

काठमाण्डु । उपराष्ट्रपति रामसहायप्रसाद यादवले जात्रा तथा पर्व र यसमा गरिने धार्मिक, सांस्कृतिक अनुष्ठानले मानिसमा आध्यात्मिक चिन्तन र भावको विकास गर्ने उल्लेख गर्नुभएको छ ।

कुमारी इन्द्रजात्रा, विश्वकर्मा पूजा र अनन्त चतुर्दशी (अनवत) पर्वका अवसरमा शुभकामना व्यक्त गर्दै उपराष्ट्रपति यादवले चाडपर्वले परस्पर मेलमिलाप, भ्रातृत्व, प्रेमभाव, सदाचार, भाइचारा, सद्भाव र सम्मानको मार्गमा डोऱ्याउन सहयोग पुग्ने बताउनुभएको छ ।



उपराष्ट्रपति यादवले मौलिक चिनारी र अद्भूत परिचय बोकेका यी जात्रा, पर्व, त्योहार भूगोल, भेग, क्षेत्र र समुदायगत रुपमा फरकफरक नामले मनाइए पनि यसको महत्वपूर्ण उद्देश्य पारस्परिक भ्रातृत्वभाव, प्रेमभाव, स्नेहभाव, सौहार्दभाव, अपनत्वभाव र सहयोगभावलाई उत्प्रेरित गर्नु रहेको उल्लेख गर्नुभएको छ । यसले मानिसको मन, वाणी र कर्ममा पवित्रता तथा शुद्धता सञ्चार गर्दै देशलाई एकताको सूत्रमा बाँध्दै राष्ट्रिय एकता, अखण्डता, सार्वभौमिकता र राष्ट्रियतालाई बलियो बनाउन सघाउ पुग्ने विश्वासका साथ उहाँले सबैमा शुभकामना व्यक्त गर्नुभएको छ ।

काठमाडौँ उपत्यकालगायत देशको विभिन्न भूभागमा अत्यन्तै हर्षोल्लास र धुमधामका साथ मनाइने इन्द्रजात्रामा वर्षा र सहकालका देवता इन्द्र, जीवित देवी कुमारी, गणेश, भैरव, देवी लक्ष्मी र भगवान् विष्णु आदिको पूजाअर्चना गर्ने परम्परा छ । यस अवसरमा ठड्याउने लिङ्गो र विश्वमै अनौठो परम्परा जीवित कुमारीको पूजा गर्नु नेपाली संस्कृतिको मौलिक पहिचान हो ।

त्यस्तै, प्रत्येक वर्षको कन्या सङ्क्रान्तिका दिन शिल्पकार, कालीगढ, उद्योगपति तथा सवारीसाधनका मालिकलगायतले निर्माण, वास्तुकला, औजार/यन्त्र, सृजन, शिल्पकला, मूर्तिकला र सवारीसाधनका देवताका रुपमा भगवान विश्वकर्माको पूजा (विश्वकर्मा जयन्ती) पनि भक्तिभाव र श्रद्धाभावका साथ मनाउने परम्परा छ ।आजकै तिथिमा तराई-मधेसतिर देवी लक्ष्मी र भगवान् विष्णुको धार्मिक विधिविधानअनुसार पूजाअर्चना गर्दै अनन्त चतुर्दशी (अनवत) बनाउने मौलिक परम्परा छ । यस अवसरमा श्रद्धालुले भगवान् विष्णुको अनन्त रुपको प्रतीक, १४ वटा गाँठो हालिएको विशेष खालको अनन्त सूत्र (डोरो) पाखुरामा बाँध्ने चलन छ ।रासस

# 'जनसहभागिताबिनाका योजना सफल हुन सक्दैन'

मध्यविन्दु । गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले जनसहभागिताबिनाका कुनै पनि योजना सफल हुन नसक्ने बताउनुभएको छ । नवलपरासी (बर्दघाट सुस्तापूर्व)को मध्यविन्दु नगरपालिका-११ मा सरसफाइ प्रवर्द्धन तथा जैविक मल उत्पादन केन्द्रको आज उद्घाटन गर्नुहुँदै मुख्यमन्त्री पाण्डेले सरकारको मात्र लगानीले योजना सफल नहुने बताउनुभएको हो ।

"आम जनताको सहभागिताबिना कुनै पनि मुलुक सफल हुन सक्दैन, त्यसैले जनचासो र जनसहभागिता हरेक क्षेत्रमा आवश्यक छ", उहाँले भन्नुभयो, "सङ्घ, प्रदेश र स्थानीय सरकारले गर्न खोजेका कार्यक्रममा जनताको सकारात्मक साथ र चासो भएमात्र काम सफल हुने देखिन्छ ।"

उहाँले समाजमा अहिलेको व्यवस्था र सरकारप्रति भ्रम छर्ने काम भएको बताउँदै सकारात्मक कामको जनतासमक्ष सही सूचना दिनु आवश्यक रहेको उल्लेख गर्नुभयो । जनतामा नकारात्मक भाव पैदा गर्ने काम धेरै भएकाले भए/गरेका कामको जानकारी जनताले लिनु आवश्यक रहेको उहाँको भनाइ छ ।"देशमा काम नभएको होइन, धेरै भएको छ । त्यसलाई जनतासमक्ष पुर्याउँदा नकारात्मक भावना छर्ने काम भएको छ, त्यस्ता कुराले मुलुकको दूरभविष्यलाई असर पार्दछ", उहाँले भन्नुभयो, "केही भएन होइन कि भएका के छन् र गर्नुपर्ने के हो, यसमा मेरो सहभागिता के हो भन्ने सोच जनतामा हुनु आवश्यक छ ।"

गण्डकी प्रदेशले प्रत्येक आर्थिक वर्षमा नवप्रवर्तन कार्यक्रममार्फत प्रदेशभित्रका स्थानीय सरकारसँग साझेदारीमा नवीनतम् कार्य गर्दै आएको उहाँले जानकारी दिनुभयो । चालु आर्थिक वर्षमा पनि १८ वटा स्थानीय सरकारसँग साझेदारी गर्नेगरी मुख्यमन्त्री नवप्रवर्तन कार्यक्रम छनोट भएको उहाँले जानकारी दिनुभयो ।

"अहिले हरेक कुरा सरकारले गरिदिनुपर्छ भन्ने सोच विकास भएको छ तर सरकारले मात्र होइन सरकारले ल्याएको कार्यक्रममा जनताको पनि अहम् भूमिका हुन्छ", उहाँले भन्नुभयो, "सफल नभएका काम किन भएन त्यसलाई कसरी सफल बनाउने, हाम्रो जिम्मेवारी के छ ? कसरी गर्न सकिन्छ भनेर नागरिकले सोचिदिनुस् ।"रासस

# 'बागमती प्रदेशलाई खेलकुदमैत्री प्रदेश बनाउन प्रतिबद्ध'

बागमती । बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले बागमती प्रदेशलाई खेलकुदमैत्री बनाउन सरकार प्रतिबद्ध रहेको बताउनुभएको छ ।

संविधान दिवस तथा राष्ट्रिय दिवस २०८१ का अवसरमा प्रदेशस्तरीय दिवस मूल समारोह समिति तथा बागमती प्रदेश सरकारको युवा तथा खेलकुद मन्त्रालय, प्रदेश खेलकुद विकास परिषद्ले संयुक्त रूपमा आयोजना गरेको मैत्रीपूर्ण भलिबल प्रतियोगिताको मंगलबार हेटौँडामा उद्घाटन गर्नुहुँदै मुख्यमन्त्री लामाले खेलकुद क्षेत्र सरकारको प्राथमिकतामा रहेको बताउनुभएको हो ।

"खेलकुद राष्ट्रको गहना मात्र होइन, यसले राष्ट्रको पहिचानसमेत स्थापित गराउने काम गर्छ", मुख्यमन्त्री लामाले भन्नुभयो, "यस प्रदेशलाई खेलकुदको दृष्टिकोणले अग्रणी प्रदेश बनाउन हामी प्रयत्नशील छौँ, त्यसैले खेलकुद सरकारको प्राथमिकतामा छ । युवालाई खेलकुदमा सहभागी गराउँदा कुलतबाट जोगाउन सकिने भएकाले खेलकुदलाई अझ प्रभावकारी बनाउनुपर्ने उहाँको भनाइ थियो । कार्यक्रममा बागमती प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले समाज र राष्ट्रलाई जोड्न खेलकुद क्षेत्रको महत्त्वपूर्ण योगदान रहेको चर्चा गर्दै खेलकुद क्षेत्रको विकासका लागि सरकार प्रयत्नशील रहेको बताउनुभयो ।

असोज १ देखि ४ गतेसम्म विविध कार्यक्रम गरी संविधान दिवस मनाउने प्रदेशस्तरीय मूल समारोह समितिको निर्णयानुसार आयोजना गरिएको मैत्रीपूर्ण भलिबल प्रतियोगितामा मुख्यन्त्री कार्यालय, विभिन्न स्थानीय तह, नेपाल पत्रकार महासङ्घलगायत १३ टिमको सहभागिता रहेको आयोजक प्रदेश खेलकुद विकास परिषद्का तालिम, प्रतियोगिता तथा खेलुकद शाखा प्रमुख दुर्गाप्रसाद दुलालले जानकारी दिनुभयो । दुई दिनसम्म चल्ने प्रतियोगिताका विजेता र उपविजेतालाई असोज ३ गते मूल समारोह कार्यक्रममा पुरस्कार तथा प्रमाणपत्र वितरण गरिने आयोजकले जनाएको छ ।रासस

# नाइजेरियामा बाढीका कारण चार लाख प्रभावित : राष्ट्रसंघ



**सिन्ह्वा**

राष्ट्रसङ्घ । उत्तरपूर्वी नाइजेरियामा बाढीबाट चार लाखभन्दा बढी पीडित भएका र उनीहरुका लागि खाद्य , पिउने पानी, सरसफाईजस्ता प्रथमिक सहायताको आवश्यकता रहेको संयुक्त राष्ट्रसङ्घले जनाएको छ।

मानवीय मामिला समन्वयका लागि संयुक्त राष्ट्रसङ्घीय कार्यालय (ओसिएच्ए) ले राष्ट्र सङ्घका एजेन्सी, गैरसरकारी संस्था (एनजिओ) र नाइजेरिया रेड क्रस सोसाइटीका प्रमुखको संयुक्त मिसनले प्रभावित क्षेत्रको साताव्यापी भ्रमण गरी प्रभावितहरुको सहयोगका लागि सरकारी अधिकारीसँग समन्वय गरेको जनाएको छ । लामो द्वन्द्व सँगै बाढीका कारण पटक-पटक विस्थापित भएका उनीहरूलाई यथासिग्र सहयोग चाहिएको ओसिएचएले जनाएको छ । विपद्को समयमा लैङ्गिक हिंसाको जोखिम कम गरी महिला तथा बालबालीकाको सुरक्षाको लागि सक्षम सुरक्षा गतिविधिहरू अवलम्बन गर्न तत्काल आवश्यक रहेको कार्यालयले जनाएको छ।

ओसिएइचएका अनुसार सेप्टेम्बर-९ मा अलाउ बाँध क्षेतिग्रस्त हुँदा तीन लाख मानिसहरु विस्थापित भएका थिए। मैदुगुरीमा बाढीले अन्य महत्वपूर्ण पूर्वाधारसहित दुईवटा महत्त्वपूर्ण पुलहरू आंशिक रूपमा ध्वस्त भएका छन् । “सरकारी प्रयासको समर्थनमा, राष्ट्रसङ्घ र यसका साझेदारहरूले प्रभावित क्षेत्रमा खाना उपलब्ध गराइ रहेको कार्यालयले जनाएको छ । यसका साथै पानी ,सरसफाइ र रोगको प्रकोप रोक्न पानी शुद्धिकरण “ट्याब्लेटहरू” प्रदान गरिरहेको कार्यलयले उल्लेख गरेको छ।

ओसिएइचएले नाइजेरियाका लागि संयुक्त राष्ट्रसङघीय मानवीय समन्वयकर्ता मोहम्मद मलिक फलले नाइजेरियाको मानवीय कोषबाट छ मिलियन अमेरिकी डलरको कोष घोषणा गरेको जनाएको छ। कार्यलयका अनुसार पिडितहरुको जिवन बचाउन थप स्रोत र कोषको आवश्यकता छ। बाढीका कारण नाइजेरियामा तीन करोड बीस लाख मानिसहरू गम्भीर खाद्य असुरक्षाको सामना गरिरहेको पुष्टि गर्दै ओसिएचएले बाढीले एक लाख २५ हजार हेक्टरभन्दा बढी खेतीयोग्य जमिनमा क्षति पुगेको बताएको छ।

कार्यलयका अनुसार बाढीका कारण “बोर्नो, आदामावा र योबे राज्यमा मात्र ४.८ मिलियन मानिसले गम्भीर खाद्य असुरक्षाको सामना गर्न बाध्य छन भने दुईलाख ३० हजार बालबालिका कुपोषणको खतरामा परेका छन्। खाद्य मुद्रास्फीतिका कारण खाद्य पदार्थको मूल्य तीन गुणा वृद्धि भएको छ भने बाली नालीको क्षतिले थप चिन्ता थपिएको छ।

# इजरायली कब्जाको अन्त्यका लागि राष्ट्रसङ्घीय महासभामा बहस

**एएफपी**

संयुक्त राष्ट्रसङ्घ । संयुक्त राष्ट्रङ्घका सदस्य राष्ट्रहरूले मङ्गलबार प्यालेस्टिनी क्षेत्रमा इजरायली कब्जाको औपचारिक अन्त्यको माग गर्ने दबाब मुलक बहस गर्नेछन्।

इजरायलले कडा आलोचना गरेको यो बहस सन् १९६७ देखि इजरायलको कब्जालाई “गैरकानूनी“ घोषित गर्दै अन्तर्राष्ट्रिय न्याय अदालतको




सल्लाहकार रायमा आधारित छ।इजरायलले प्यालेस्टिनी क्षेत्रमा आफ्नो गैरकानुनी उपस्थितिलाई सकेसम्म चाँडो अन्त्य गर्न बाध्य हुने महासभाले जनाएको छ । अरब देशहरूले महासभाको सुरुवात सत्रलाई सम्बोधन गर्न दर्जनौं राष्ट्र र सरकार प्रमुखहरू राष्ट्रसङ्घीय मुख्यालयमा पुग्नुभन्दा केही दिन अघि सभाको विशेष सत्र आयोजना गरेका थिए।

महासभाको आसय अन्तर्राष्ट्रिय समुदाय र आईसीजेको फैसलाको दबाबले इजरायललाई आफ्नो व्यवहार परिवर्तन गर्न बाध्य पार्न चाहेको संयुक्त राष्ट्रका लागि प्यालेस्टिनी राजदूत रियाद मन्सुरले महासभाको मस्यौदा प्रस्तावलाई स्वीकार गर्दै बताउनुभयो। मस्यौदा प्रस्तावमा इजरायललेकब्जागरेकोप्यालेस्टिनी क्षेत्रमा गैरकानुनी उपस्थितिलाई अन्त्य गर्न माग गर्ने जनाइएको छ।

प्रस्तावमा प्यालेस्टिनी क्षेत्रबाट इजरायली सेना फिर्ता गरी कब्जा गरिएको जग्गा र सम्पत्ति फिर्ता गर्न तथा विस्थापित प्यालेस्टिनीको फिर्तीको पनि माग गरिएको छ ।मन्सुरले प्यालेस्टिनीको सहानुभूति र एकता लाई जोड दिंदै आफुहरु सकरात्मक नतिजाको आशामा रहेको उल्लेख गर्नुभयो। सुरक्षा परिषद् गाजाको मुद्दामा धेरै हदसम्म उदार भएको छ भने अमेरिकाले बारम्बार इजरायली आक्रमणको निन्दा गरेको छ। युद्धको बीचमा महासभाले प्यालेस्टिनी नागरिकको समर्थनमा धेरै प्रयासहरु गरेको छ।

गत मे महिनामा सभाले प्यालेस्टिनको राष्ट्रसङ्घीय सदस्यताका लागि प्रतीकात्मक प्रस्तावलाई समर्थन गरी गरेको मतदानमा १४३ मत पक्षमा, नौ विरुद्धमा तथा २५ अनुपस्थित रहेका थिए । यस विषयमा दबाब स्वरुप यसअघि सुरक्षा परिषद्मा वासिङ्टनले भिटोसमेत प्रयोग गरेको थियो ।यद्यपि महासभाका प्रस्तावहरू बाध्यकारी छैनन्, इजरायलले पहिले नै नयाँ प्रस्तावलाई “अपमानजनक“ भन्दै निन्दा गरिसकेको छ।

## आइसिसी विश्वकप लिग-२ :

# नेपाल क्यानडासँग पराजित




काठमाण्डु । नेपाल आइसिसी विश्वकप लिग-२ त्रिकोणात्मक सिरिजमा घरेलु टोली क्यानडासँग पराजित भएको छ । क्यानडाको किंग सिटीमा रहेको मप्ले लेआफ नर्थ वेस्ट क्रिकट ग्राउन्डमा गए राति सम्पन्न खेलमा नेपाल क्यानडासँग १०३ रनको भारी अन्तरले पराजित भएको हो । खराब ‘ब्याटिङ’ गरेको नेपाल क्यानडासँग एकदिवसीय खेलमा पहिलोपटक पराजित भएको हो। यसअघि क्यानडासँग भएको तीन भेटमा नेपालले तीनै खेलमा जित निकालेको थियो।

खेलमा २५४ रनको लक्ष्य पछ्याएको नेपाल ४० दशमलव एक ओभरमा सबै विकेट गुमाउँदै १५० रनमा समेटियो। नेपालका लागि करण केसीले सर्वाधिक २७ रन बनाए। उनले २४ बलमा दुई चौका र दुई छक्कासहित सर्वाधिक २७ रन बनाएका हन्।

त्यसैगरी, ‘ओपनर’ कुशल भुर्तेल एक रनमा नै आउट भए । सन्दीप लामिछाने २२, आसिफ शेख २०, भीम सार्की १८, गुलशन झा १५, कुशल मल्ल १२, दीपेन्द्रसिंह ऐरी आठ, सोमपाल कामी ६ तथा कप्तान रोहितकुमार पौडेल पाँच रनमा आउट भए। नेपाललाई सस्तैमा समेट्ने क्रममा क्यानडाका तीव्र गतिका ‘बलर’ डिलोन हेलिगरले पाँच विकेट लिएभने अखिल कुमार र अंश पटेलले समान दुई-दुई विकेट लिए। त्यस्तै, सादविन जाफरले एक विकेट झारे।

त्यसअघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको क्यानडाले निर्धारित ५० ओभरमा आठ विकेट गुमाउँदै दुई सय ५३ रनको योगफल बनाएको थियो। उसका लागि कप्तान निकोलस किर्टोनले सर्वाधिक ७३ रनको योगदान गरे। उनले ४४ बलमा तीन चौका र ६ छक्कासहित ७३ रनको अविजित इनिङ खेलेका हुन्।

यसैगरी, नवनीत धालिवालले ४८, डिलोन हेलिगर ३०, हर्ष थाकेर २७ रन जोड्दा परगत सिंह र साद बिन जाफरले समान १७ /१७ रन बनाए । त्यस्तै, आरोन जोनसनले १० रन बनाए। नेपालका सोमपाल कामी र ललित राजवंशीले समान दुई-दुई विकेट लिएभने सन्दीप लामिछाने, गुलशन झा र रोहित पौडेलले समान एक-एक विकेट लिए । अब नेपालले भोलि ओमानसँग खेल्नेछ।रासस

# अमेरिकामा इन्ट्रा कप भलिबल, रुकुम र बेलमण्ट विजयी

न्युयोर्क ।अमेरिकाको पेन्सिलभेनियाराज्यकोह्यारिसवर्ग सहरमा सम्पन्न इन्ट्रा कप भलिबल प्रतियोगितामा पुरुषतर्फ रुकुम टिम र महिलातर्फ बेलमण्ट टिम विजयी भएका छन्।

गए राति सम्पन्न अत्यन्त प्रतिस्पर्धात्मक फाइनल खेलमा रुकुम टिमले सजनी टिमलाई




३-२ को सेटले जितेको थियो। नेपालको कर्णाली प्रदेशअन्तर्गत रुकुमबाट आएर अमेरिकाको टेक्सास राज्यमा बसोबास गर्ने खेलाडी रुकुम टिममा सम्मिलित छन् भने सुदूरपश्चिम प्रदेशबाट अमेरिका आई टेक्सासमै बसोबास गर्ने खेलाडी सजनी टिममा समावेश छन् । प्रथम हुने रुकुम टिमले १० तोला सुनको गोल्डकप र १२ हजार डलर (रु १६ लाख नौ हजार) जितेका छन् । उनीहरूलाई आयोजक संस्था ‘इन्ट्रा-नेशनल वेलफेयर एण्ड सपोर्ट फाउण्डेसन अफ अमेरिका’का अध्यक्ष डिल्ली अधिकारीले सो पुरस्कार हस्तान्तरण गर्नुभएको थियो।

त्यसैगरी महिला भलिबलतर्फ मेरिल्याण्ड राज्यको नेपाली क्लब बेलमण्टले जितेको छ। नेपाली राष्ट्रिय खेलाडी सिपोरा गुरुङ र रमिला तण्डुकार सम्मिलित बेलमण्टले १० तोला सुनको गोल्डकप र नौ हजार डलर (रु १२ लाख ६ हजार) जितेको थियो।

यसैगरी सो प्रतियोगितामा पुरुषतर्फ उपविजेता बनेको सजनी टिमले आठ हजार डलर (रु १० लाख ७२ हजार) र महिलातर्फको उपविजेता बिवाइएससी मिनीसोटाले छ हजार डलर (रु आठ लाख चार हजार) पुरस्कार प्राप्त गरेको छ। खेलको नियमानुसार सुनको ट्रफी हात पार्न लगातार तीनपटक जित्नुपर्ने हुन्छ । पुरुष विजेता रुकुम टिम र महिला विजेता बेलमण्टले लगातार दुईपटक इन्ट्रा कप भलिबल प्रतियोगिता जितिसकेका छन्। अब एकपटक दुवै टिमले जिते सुनको ट्रफी यी टिमले लग्नेछन्।

पुरस्कार वितरण गर्दै फाउण्डेसनका अध्यक्ष अधिकारीले खेल जितेर पुरस्कार रकम, ट्रफी र कपमात्र लिएर खेलाडी फर्किएको नभई नेपालीपन, नेपाली मन र नेपाली जातीय एकतालाई मजबुद बनाएको बताउनुभयो । उहाँले नेपालीपन र नेपाली सांस्कृतिक एकतालाई संसारभर मजबुद बनाउन फाउण्डेसनले ‘मेरो भ्वाइस युनिभर्स’ र ‘मेरो डान्स युनिभर्स’को दोस्रो संस्करण सन् २०२५ मा देखि सुरु गर्ने बताउनुभयो ।पुरस्कार वितरण गर्दै नेपाल टेलिभिजनका महाप्रबन्धक फूलमान बलले नेपालीपन र नेपाली मनलाई अमेरिकामा एकताबद्ध बनाई खेलकुद प्रतियोगिता गराएकामा आयोजक संस्थाको सराहना गर्नुभयो।

खेल व्यवस्थापन समितिका संयोजक ओमराज गुरुङका अनुसार इन्ट्रा कप भलिबलको सर्वोत्कृष्ट खेलाडीमा महिलातर्फ बेलमण्टकी सिपोरा गुरुङ र पुरुषतर्फ रुकुम टिमका डेमोण्ड खड्का घोषित भएका थिए। प्रतियोगितामा पुरुषतर्फ तेस्रो हुन सफल सानफ्रान्सिस्को टिमले पाँच हजार डलर (रु छ लाख ७० हजार) र महिलातर्फ फ्रेण्डसिप ओहायो टिमले तीन हजार डलर (रु चार लाख दुई हजार) प्राप्त गरेका छन्।रासस

# मेटाद्वारा विदेशी हस्तक्षेप गतिविधि बढाएको आरोपमा रुसी सञ्चारमाध्यम प्रतिबन्धित




**एएफपी**

सान फ्रान्सिस्को । टेक जायन्ट कम्पनी मेटाले सोमबार “विदेशी हस्तक्षेप गतिविधि बढाएको कारण आफ्नो फेसबुक, इन्स्टाग्राम, ह्वाट्सएप, थ्रेड्सलगायतका सामाजिक सञ्जालबाट रूसी सरकार समर्थित सञ्चारमाध्यमलाई विश्वव्यापी रुपमा प्रतिबन्ध लगाएको छ।

संयुक्त राज्य अमेरिकाले रुस समर्थित सामाचारमाध्यम आरटीको कर्मचारी र यसका प्रधानसम्पादकलाई अमेरिकी चुनावलाई प्रभाव पार्ने आरोपमा प्रतिबन्ध लगाएको केही समयपछि मेटाले यो घोषणा गरेको हो । यूएस स्टेट डिपार्टमेन्टले आरटी लाई युरोप, अफ्रिका र उत्तर र दक्षिण अमेरिकाका देशहरूमा ‘सूचना सञ्चालन, गुप्त प्रभाव र सैन्य खरिद’ मा संलग्न भएको आरोप लगाएको छ।

“सावधानीपूर्वक विचार गरेपछि, हामीले रूसको राष्ट्रिय सञ्चारमाध्यम विरुद्ध हाम्रो चलिरहेको प्रवर्तन विस्तार गरेका हौं ”,मेटाले बताएको छ । “रोसिया सेगोडन्या, आरटी र अन्य सम्बन्धित संस्थाहरूलाई अब विदेशी हस्तक्षेप गतिविधिको लागि विश्वव्यापी रूपमा हाम्रा सञ्जालहरुबाट प्रतिबन्ध लगाइएको छ”, मेटाले भन्यो ।

सन् २०२२ को फेब्रुअरीमा रुसले युक्रेनमा आक्रमण गरेपछि आरटीलाई गैरकानुनी रुपमा सञ्चालित रहेको आरोपमा बेलायत, क्यानाडा, युरोपेली सङ्घ र संयुक्त राज्य अमेरिकामा औपचारिक रुपमा प्रतिबन्ध लगाइएको थियो । आरटीमाथि अमेरिका विरुद्ध भ्रामक सुचना फैलाउने गोप्य परियोजनाको रुपमा अनलाइन सामग्री निर्माण कम्पनी ‘टेनेसी’लाई वित्तपोषण गरेको अभियोग लगाइएको हो।

सन् २०२३ को अन्त्यमा सुरु भएदेखि रुसले समर्थन गरेको अमेरिकी अनलाइन सामग्री निर्माण कम्पनीले अमेरिका विरुद्ध लगभग २ हजार भिडियो पोस्ट गरेको छ । भिडियोहरु युट्युबमा मात्रै १ करोड ६० लाखभन्दा बढी पटक हेरिएको अभियोगमा उल्लेख गरिएको छ। मेटाले यसअघि रूसी इन्टरनेट अनुसन्धान विभागको विदेशी हस्तक्षेप गतिविधिलाई विफल पार्न रसियाको संघीय समाचार समितिलाई प्रतिबन्ध लगाएको थियो।

# आतिशी दिल्लीको मुख्यमन्त्री बन्ने

**एएनआई**

नयाँदिल्ली । आम आदमी पार्टी (आप) का नेता गोपाल रायले मङ्गलबार चाँडै निर्वाचनका लागि पार्टीको माग दोहोर्याउँदै जनताले अरविन्द केजरीवाललाई ‘ठूलो’ बहुमतले निर्वाचित नगरेसम्म आतिशीले दिल्लीको मुख्यमन्त्रीको जिम्मेबारी वहन गर्नुहुने बताउनुभएको छ।

“अरविन्द केजरीवालले राजीनामा दिने निर्णय गर्नुभएपछि मंगलबार संसदीय दलको बैठकमा आगामी निर्वाचन नभएसम्म दिल्लीको मुख्यमन्त्रीको जिम्मेबारी आतिशीले लिनुहुने निर्णय भएको छ”, उहाँले पत्रकार सम्मेलनमा भन्नुभयो, “हामी अक्टोबर-नोभेम्बरमा चाँडोभन्दा चाँडो निर्वाचन गर्न चाहन्छौं र जनताले केजरीवाललाई निर्वाचित गर्नेछन् ।”उहाँका अनुसार बैठकमा विधायकहरूले आतिशीलाई दुईवटा जिम्मेबारी दिएका छन्। पहिलो भारतीय जनता पार्टी (भाजपा) को अवरोधका बाबजुद काम जारी राख्नु र अर्को आपले प्रयोग गर्ने सबै रणनीतिबाट दिल्लीका जनतालाई बचाउनु रहेको छ।

रायले दिल्लीका मुख्यमन्त्री केजरीवालले मंगलबार आफ्नो



पदबाट राजीनामा दिने र पुनः नयाँ सरकारको दाबी प्रस्तुत गर्ने जानकारी दिनुभयो। केजरीवालको उत्तराधिकारीका रूपमा आतिशी चयन भएपछि सञ्चारमाध्यमसँग कुरा गर्दै दिल्ली सरकारका मन्त्री कैलाश गहलोतले भन्नुभयो, “सबैले आतिशीको नाममा सर्वसम्मति जनाए ।” गहलोतलाई मुख्यमन्त्री पदका लागि सम्भावित उम्मेदवारका रूपमा हेरिएको थियो।

आपका राष्ट्रिय संयोजक तथा दिल्लीका मुख्यमन्त्री केजरीवालले मङ्गलबार पार्टी संसदीय दलको बैठकमा आफ्नो उत्तराधिकारीका लागि आतिशीको नाम प्रस्ताव गर्नुभयो । राष्ट्रिय राजधानीमा आफ्नो आवासमा बसेको संसदीय दलको बैठकमा राख्नुभएको उक्त प्रस्तावलाई विधायकहरूले समर्थन गरेका थिए । शनिबार केजरीवालले दिल्लीका जनताले आफूलाई ‘इमान्दार’ घोषणा नगरेसम्म मुख्यमन्त्री नबन्ने भन्दै पदबाट राजीनामा दिने घोषणा गर्नुभएको थियो । जनताले पुनः निर्वाचित गरेको अवस्थामा त्यो आफ्नो इमान्दारीको ‘प्रमाणपत्र’ हुने उहाँले बताउनुभयो।

कथित दिल्ली उत्पादन शुल्क नीति घोटालासँग सम्बन्धित भ्रष्टाचार मामिलामा सर्वोच्च अदालतले जमानत दिएपछि तिहाड जेलबाट रिहा भएको दुई दिनपछि ५४ वर्षीय केजरीवालले उक्त घोषणा गर्नुभएको हो। उहाँले राष्ट्रिय राजधानीमा फेब्रुअरीमा हुने निर्वाचनअघि यस वर्षको नोभेम्बरमा निर्वाचन गराउन आह्वान गर्नुभएको छ।

# विभागीय टोली एपिएफ विजयी



काठमाण्डु । एन्फा महिला लिग फुटबल प्रतियोगितामा सङ्कटा क्लबलाई विभागीय टोली नेपाल एपिएफले हराएको छ।

सातदोबाटोस्थित अखिल नेपाल फुटबल सङ्घ (एन्फा) मैदानमा मंगलबार भएको खेलमा एपिएफले सङ्कटाविरुद्ध ३-० को जित निकालेको हो। यो जितसँगै छ खेलमा १६ अङ्क जोडेको एपिएफ शीर्षस्थानमा छ।

प्रतियोगिता सङ्कटा समान छ खेलबाट पाँच अङ्कका साथ सातौं स्थानमा छ । एपिएफको जितमा सरु लिम्बू, अनिता केसी र सविता रानामगरले समान एक-एक गोल गरे । खेलको १३औं मिनेटमा सरुको गोलमार्फत एपिएफले अग्रता लिएको थियो। खेलको ५०औं मिनेटमा अनिताले अर्को गोल गरेर टिमको हौसला बढाइन्।

खेलको ६४औं मिनेटमा सविताले गोल गर्दै एपिएफलाई सहज जित दिलाइन् । एन्फाको आयोजनामा जारी लिगमा १० टोलीत्रबीच स्पर्धा हुँदैछ।रासस

# कोप-२९ को प्रमुख लक्ष्य निष्कर्षमा पुग्न नसकेको आयोजक अजरबैजानको दावी

**एएफपी**

पेरिस ।संयुक्त राष्ट्रसंघीय जलवायु सम्मेलन (कोप-२९) को आयोजक अजरबैजानले मङ्गलबार प्रमुख लक्ष्य जलवायु वित्त कोषको विषय निष्कर्षमा पुग्न नसकेपछि सम्मेलन पर्यटनदेखि विश्व शान्तिसम्म सबै कुरामा राष्ट्रको स्वैच्छिक प्रतिज्ञामा केन्द्रीत रहने जनाएको छ।

नोभेम्बरमा हुने सम्मेलनमा विकासशील देशलाई जलवायु परिवर्तनसँग जुध्न आवश्यक रकम र रकमको स्रोत निर्धारणमा राष्ट्रहरू सहमत हुने अपेक्षा गरिएको छ तर अहिलेसम्मको औपचारिक वार्ता असहमतिमा टुङ्गिएको छ।

विभिन्न गतिरोधको बावजुद पनि सम्मेलनका लागि उत्साहित रहेको अजरबैजानले कठिन वार्तालाई “पूरक“ गर्ने आशामा एक दर्जन भन्दा बढी पहलहरू अगाडी सारेको छ।




अजरबैजानले यस सन्दर्भमा म्याराथन शिखर सम्मेलनको क्रममा राष्ट्रलाई युद्धविराम गर्न आग्रह गर्ने, जैविक फोहोर र पर्यटन उद्योगबाट हुने मिथेन उत्सर्जन घटाउने प्रतिबद्धता जनाउने, र विश्वव्यापी ऊर्जा भण्डारणलाई बढावा दिने वाचा गर्ने जस्ता आवश्यक पहल गरेको हो। कोप-२९ मा अजरबैजानले प्रस्ताव गरेको मुख्य एजेन्डामध्ये जलवायु वित्त कोष निर्धारणको लक्ष्य विकासोन्मुख देशहरूका लागि जलवायु परिवर्तनसँग जुध्न जीवाश्म इन्धन उत्पादन गर्ने देश र उद्योगबाट आवश्यक रकम सङ्कलन गर्नु हो ।जीवाश्म इन्धनमा निर्भर अजरबैजानले “जलवायु वित्त कार्य कोष” मा पहिलो योगदान गर्ने अपेक्षा गरिएको छ।

यस वर्ष बाकुमा हुने शिखर सम्मेलनमा विकासशील देशलाई 'वार्मिङ ग्रह'सँग अनुकूलन गर्न आवश्यक रकम निर्धारण गर्न र उक्त रकम जुटाउन राष्ट्रहरु प्रतिबद्ध हुने अपेक्षा गरिएको छ ।राष्ट्रका स्वैच्छिक पहल जस्तै गैर-बाध्यकारी प्रतिज्ञा र प्रतिबद्धता कोप शिखर सम्मेलनका विशेषताहरू हुन् तर यस्ता प्रतिज्ञाहरु संयुक्त राष्ट्रसङ्घको समर्थनमा पक्षबीच सहमतिद्वारा उत्पन्न हुने बाध्यकारी सम्झौताभन्दा फरक छन्।

# होनरले ल्यायो दशैंको लागि रमाइलो अफर




**टुडे समाचारदाता**

काठमाण्डु । होनर नेपालले आफ्नो प्रतीक्षित दशैं अफर ल्याएको छ।  यस वर्ष होनरले होनर किन्नुहोस्, थाइल्याण्ड घुम्नुहोस् अभियान ल्याएको हो । जसमा ग्राहकहरूका लागि रोमाञ्चक पुरस्कार र अफरहरू समावेश छन्।

कुनै पनि होनर स्मार्टफोन किन्दा ग्राहकहरूले थाइल्यान्ड भ्रमण र अन्य अविश्वसनीय पुरस्कार जित्ने मौका पाउनेछन्। यस अभियानले दशैंको चाडमा उत्साह र खुसी थप्न उद्देश्य राखेको छ, जसले ग्राहकहरूलाई थप कारण दिएर यो पर्वलाई विशेष बनाउन मद्दत पुऱ्याउँछ।

यो अफर १७ सेप्टेम्बर २०२४ देखि ७ नोभेम्बर २०२४ सम्म नेपालभरका सबै होनर एक्सक्लुसिभ शपहरू र अधिकृत बिक्रेताहरूका उपलब्ध हुनेछ। हरेक होनर स्मार्टफोनको खरिदले यस रोमाञ्चक अभियानमा सहभागी हुन अवसर दिन्छ, जसमा ग्राहकहरूले जित्न सक्छन् ।

ग्रान्ड पुरस्कारःथाइल्यान्ड भ्रमण, अप्रिला एसआर १२५ स्कुटर र होनर म्याजिक भि २

साप्ताहिक पुरस्कारःमार्सल स्पिकर र होनर २ सय

दैनिक पुरस्कारःहोनर च्वाइस एयरबड्स् इक्स ५ र साइक्लिक जिटि वाच

होनर नेपालका राहुल राठीले आफ्नो उत्साह व्यक्त गर्दै भने,हामी दशैंको यस पावन अवसरमा हाम्रो होनर किन्नुहोस्, थाइल्याण्ड घुम्नुहोस्अभियान ल्याउन पाउँदा अत्यन्तै खुशी छौँ। हाम्रो उद्देश्य ग्राहकहरूको दशैंलाई अझ विशेष र सम्झनलायक बनाउन उत्कृष्ट पुरस्कारहरू प्रदान गर्नु हो।

यसमा सहभागी हुनको लागि ग्राहकहरूले कुनै पनि होनर स्मार्टफोन किन्नुपर्छ र खल्ति एपमार्फत दामी क्यूआर स्क्यान गरेर आफ्नो पुरस्कार थाहा पाउन सकिन्छ। यो अभियान पर्वको भावना मनाउने उद्देश्यले ल्याइएको हो, जसमा दैनिक, साप्ताहिक र ग्रान्ड पुरस्कार जित्ने मौका छ ।

# एनसेलले मनायो १९ औं वार्षिकोत्सव, २० करोड सामाजिक पहलमा योगदान गर्ने प्रतिबद्धता

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालको पहिलो निजी क्षेत्रको जीएसएम मोबाइल सेवा प्रदायक कम्पनी एनसेलले १९ औं वार्षिकोत्सव मनाएको छ । वार्षिकोत्सवमा एनसेलले व्यावसायिक सामाजिक जिम्मेवारी (सीएसआर)का परियोजनाहरू सञ्चालन गर्न एनसेल फाउन्डेसनको घोषणा गरेको छ ।विगतका १९ वर्षमा एनसेलले १ करोड ३० लाखभन्दा बढीको जीवनमा प्रत्यक्ष र अप्रत्यक्ष रूपमा लाभ प्रदान गर्दै स्वास्थ्य, शिक्षा, वातावरणलगायत विभिन्न क्षेत्रमा सामाजिक कार्यहरू गरि २ अर्ब (१ करोड ५० लाख अमेरिकी डलर) भन्दा बढिको योगदान गरेको छ ।

'हाम्रा सबै राम्रा कार्यलाई एउटै उद्देश्य र छातामुनि ल्याउनु महत्वपूर्ण छ भन्ने कुरामा विश्वास गरेर एनसेल फाउन्डेसनको स्थापना गरेका हौं,' एनसेलका प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध निर्देशक जाब्बोर कायुमोभले भने ।कार्यक्रममा एनसेलले थप समावेशी, कनेक्टेड र दिगो नेपाल विकासमा सघाउनु र दिगो विकासका लक्ष्यहरू प्राप्तिका लागि योगदान पुर्याउनु फाउन्डेसनको भिजन रहेको बताएको छ। फाउन्डेसनको उद्देश्यहरूमा सामाजिक कार्यको धेरै आवश्यक भएकालाई सहयोग गर्ने, डिजिटल डिभाइडलाई कम गर्ने र थप स्वस्थ, दिगो र समृद्ध नेपाललाई बढावा दिने रहेको छ ।

एनसेलले वृहत्तर हितको पक्षमा सामाजिक कार्यहरू गरेको उल्लेखनीय ट्र्याक रेकर्ड छ ।२०७२ सालको विनाशकारी भूकम्पपछि एनसेलले भूकम्प प्रभावित परिवारहरूको सहयोगार्थ प्रधानमन्त्री राहत कोषमा १० करोड रुपैयाँ प्रदान गरेको छ । साथै आफ्ना परिवारजन तथा आफ्न्तहरुसँग सम्पर्कमा रही रहन कम्पनीले ग्राहकहरूलाई १ अर्ब ६० करोड बराबरको




सेवा सुविधाहरू निःशुल्क उपलब्ध गराएको थियो । कोभिडको महामारीका बेलामा सरकारले कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचारका लागि स्थापना गरेको कोषमा १० करोड योगदान गर्ने एनसेल पहिलो निजी कम्पनी थियो । गत वर्षको जाजरकोट भूकम्पपछि एनसेलले भूकम्प पीडितको उद्धार, उपचार र राहतमा तत्काल सहयोग पुर्याउन कर्णाली प्रदेश सरकारलाई रु ५० लाख सहयोग उपलब्ध गराएको थियो र भुकम्प प्रभावित क्षेत्रका १० विद्यालयहरूलाई कक्षा कोठा बनाउन पनि सहयोग प्रदान गरेको थियो ।त्यसैगरी २०७१ सालमा, देशका विभिन्न भागमा आएको बाढी र पहिरोजस्ता प्राकृतिक विपत्तिका पीडितहरूको राहत तथा उद्धारका प्रधानमन्त्री प्राकृतिक विपत्ति राहत कोषलाई २० करोड सहयोग प्रदान गराएको थियो ।

१९औं वार्षिकोत्सवको कार्यक्रममा एनसेल फाउन्डेसनले आगामी ५ वर्षमा कम्पनीले कम्तीमा २० करोड सामाजिक पहलहरूमा योगदान गर्ने प्रतिबद्धता जनाएको छ ।'एनसेलले टावरहरू राख्ने, मानिसहरूलाई दूरसञ्चार सेवा प्रदान गर्ने र रोजगारी दिने काम मात्र गर्दैन । सीएसआरमा दिगो, प्रभावकारी र 'हामी तपाईंकै लागि' थिम अनुसार काम गर्दै नेपालमा एक उदाहरणीय कम्पनीका रुपमा स्थापित हुने लक्ष्य सहित अगाडि बढेको कम्पनी पनि हो एनसेल,' जाब्बोरले भने ।

सोही कार्यक्रममा एनसेलले हालै मात्र पेरिस पारालिम्पिक्स २०२४ मा नेपालको लागि पहिलो पदक जितेर इतिहास रचेकी पारा खेलाडी पलेशा गोवर्धनलाई सम्मान पनि गरेको छ । जाब्बोरले गत वर्ष एनसेलले कसरी पलेशालाई सहयोग गर्ने निर्णय लियो भन्ने बारेमा पनि बताए ।'एक वर्ष अघि एनसेलको वार्षिकोत्सवको अवसरमा हामीले पारालिम्पिक कमिटी नेपालसँग भेट गरी हामी तपाईंहरुको संस्थामार्फत पारा खेलाडीहरूको विकासको लागि सहयोग गर्न चाहन्छौ भन्दा उनीहरुले विश्वासनै गर्न सक्नुभएको थिएन । यो एक नितान्त सामाजिक पहल अन्तर्गत जहाँ सहयोग पुगेको छैन त्यो क्षेत्रमा सहयोग पुऱ्याउने उद्देश्य अनुरूप गरिएको सहकार्य थियो,' जाब्बोरले भने ।

आफ्नो ब्राण्ड बाचा 'आज, भोलि सधैं सँगै' र एनसेल फाउन्डेसनको शुमारम्भसँगै एनसेलले आफ्नो सामाजिक कार्यको धरातललाई अझै फराकिलो पार्दै समुदायको तल्लो स्तरमा सामाजिक पहलहरूका साथ धेरै भन्दा धेरै मानिसलाई लाभान्वित गर्ने उद्देश्य लिएको छ ।एनसेल फाउन्डेसनको आरम्भसँगै १९औं वार्षिकोत्सवको उपलक्ष्यमा 'नाइन्टिन फर नाइन्टिन' परियोजनाको पनि घोषणा गरेको छ । यस पहल अन्तर्गत सातै प्रदेशबाट छानिएका कुल १९ वटा सामाजिक कार्यहरू कार्यान्वयन गरिने छन् र प्रत्येक एक आयोजनाले १० लाख सीड फन्डको रुपमा सहयोग प्राप्त गर्नेछन् । गत वर्ष 'एटीन फर एटीन' अन्तर्गत खुला गरिएका परियोजना प्रदेश स्तरमा कार्यान्वयन रहेकाछन् ।

सन् २००५ मा आजकै दिन अर्थात् सेप्टेम्बर १७ बाट एनसेल (पहिले मेरो मोबाइल)ले आफ्नो सेवा संचालनमा ल्याउँदै यात्रा शुरु गरेको थियो । त्यसबेलादेखि नै कम्पनीले आफ्ना सेवाहरू प्रदान गर्दै नेपालको दूरसञ्चार क्षेत्रमा आमुल परिवर्तन ल्याएको छ र सेवामा पहुँच सुनिश्चित गराउँदै ग्राहक सेवामा व्यापक परिवर्तन ल्याउनमा ठूलो योगदान दिएको छ ।'यो यात्रा हाम्रो ग्राहक, साझेदारहरू, सरकारी निकाय तथा नियामक निकायको बलियो साथ र भरोस बिना सम्भव थिएन । यसै साथ र भरोसालाई आगामी दिनको लागि आत्मसाथ गर्दै नेपाललाई डिजिटल भविष्यतर्फ डोयउन हामी तत्पर छौ,' जाब्बोरले भने ।

नेपालको एक ठूलो करदाताको रुपमा एनसेलले आफ्नो स्थापना काल देखि आज सम्म ३२० अर्ब भन्दा बढी सरकारलाई कर तथा शुल्कहरू बुझाई सकेको छ र नेपालको अर्थतन्त्रमा उल्लेखनीय योगदान पुर्याएको छ ।सर्वसाधारणलाई भरपर्दो आधारभूत मोबाइल सेवा टुजी, थ्रीजी हुँदै फोरजी सेवा, वायरलेस मोबाइल ब्रोडब्याण्ड देखि प्वाइन्ट टु प्वाइन्ट कनेक्टिभिटी र मोबिलिटी सेवा देखि क्लाउड र डेटा सेन्टर सेवा सहित नेपाली व्यवसायहरूलाई उनीहरूका सञ्चार आवश्यकताहरू पुरा गर्न नवीनतम सेवाहरू प्रदान गरेर एनसेल नेपालको परिवर्तनको संवाहक बनेको छ।

१९औं वार्षिकोत्सवको अवसरमा एनसेल फाउन्डेसनले विभिन्न कार्यक्रमहरू जस्तै वृक्षारोपण, शैक्षिक सामग्री वितरण, स्वास्थ्य शिविर, पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ्ग, रक्तदान कार्यक्रम, स्किल क्याम्प लगायतका विभिन्न कार्यक्रमहरू आयोजना गर्नेछ।

# सामसङको 'भव्यदशैं तिहार, घर भरी उपहार' अफर सार्वजनिक

**टुडे समाचारदाता**

काठमाण्डु । चाडपर्वको अवसर नजिकिँदै गर्दा, प्रविधि र नवप्रवर्तनको विश्वको अग्रणीमा रहेको सामसङले आगामीकार्तिक ३०, २०८१ सम्म नेपालमा सञ्चालनहुने "भव्यदशैं तिहार, घर भरि उपहार" अफरको साथ यो खुशीको माहोललाई अझ भव्य बनाउन तयार छ । यो अफरद्वारा ग्राहकहरूलाई ३१% सम्मको छुटमा नवीनतम सामसङ टिभीहरू र घरेलु उपकरणहरू घरमाल्याउन र चुनिएका सामसङ टिभीहरू खरिद गर्दा १२ महिनासम्मको निःशुल्कवर्ल्डलिङ्क इन्टरनेट र नेटटिभी सब्स्क्रिप्सन पाउने र चुनिएका सामसङ फ्रन्ट लोड वाशिङ मेसिनको खरिद गर्दा निःशुल्क ६केजी सर्फ एक्सेल म्याटिक पाउने जस्ता आकर्षक उपहारहरूको लाभ उठाउन सक्ने छन्।




लगातार १८ वर्षदेखि ग्लोबल नम्बर १ टिभी ब्रान्ड रहेको सामसङले आफ्नो नयाँदायराको एचडी, एफएचडी, ४के युएचडी, क्युएलईडी, नियो क्युएलईडी ४के टिभी र फ्रेम टिभीहरूमा आकर्षक छुट मूल्यमा मात्रै नभई विशेष बोनस उपहारहरू सहित क्यासब्याकहरू प्रदान गरेको छ। क्यासब्याक सँगसँगै ग्राहकहरूले क्युएलईडी वात्यो भन्दामाथिको सामसङ टिभी मोडलहरू खरिद गर्दा पहिलो आउनेले पहिलो सेवापाउने आधारमा डिलरहरूको पूर्ण विवेकबाट प्रदानगरिएको १२ महिनासम्मको निःशुल्क वर्ल्डलिङ्क इन्टरनेट र नेटटिभीको सब्स्क्रिप्सन पनि प्राप्तगर्न सक्नेछन्। यो लाभको फाइदा उठाउन वर्ल्डलिङ्क इन्टरनेट र नेट टिभी जडानको लागिनियमित स्थापनाशुल्कहरू भने ग्राहकहरूले आफै तिर्नु पर्नेछ। आईएसपी प्रदायकको एकल विवेकमा प्रदान हुने यो प्रस्ताव प्राप्तगर्न अन्य स्त्यन्डर्ड नियम र शर्तहरु पनिलागू हुनेछन् । साथै खरिद गरिएका टि, ए, बि, सी र डी-सिरिजका सामसङ टिभीहरूमा ३ वर्षको पूर्ण वारेन्टी छ। यद्यपि यो वारेन्टी टिभी रिमोटहरूमा विस्तार गर्दैन। थप रूपमा, चुनिएका सामसङ टिभीहरू खरिद गर्दा, ग्राहकहरूले घरमा रिएल इमर्सिभ टिभी हेर्ने अनुभव ल्याउन साउन्डबारहरूमा ५०% सम्म क्यासब्याक प्राप्त गर्न सक्छन्।

यो अफर सामसङको रेफ्रिजरेटर र वासिङ मेसिनको आकर्षक दायरामा पनि विस्तारित छ। ग्राहकहरूले यस चाडपर्वको सिजनमा कन्भरटेबल ५-इन-१ रेफ्रिजरेटरको कन्भरटेबल जीवन शैलीमाअपग्रेड गर्न सक्नेछन्, र साथै विशेष छुटसहित एआई इकोबबल वाशिङ मेसिनसँग स्वचालित रूपमा अप्टिमाइज्ड क्लिन, पावरफुल र जेन्टल वाश प्राप्त गर्न सक्नेछन्। यसबाहेक, ८ केजीभन्दा बढी क्षमता भएको सामसङ फ्रन्ट लोड वाशिङ मेसिन खरिद गर्दा ग्राहकले ६ केजी सर्फ एक्सेल म्याटिक निःशुल्क प्राप्त गर्नेछन्। सामसङले आफ्नो फ्रिजमा रहेको डीआइटि कम्प्रेसर र वासिङ मेसिनको डीआइटि मोटरमाप्रदान गरेको २० वर्षको वारेन्टी र निःशुल्क स्थापना सेवाले गर्दा ग्राहकहरूलाई झन्झटमुक्त अनुभवलिन मद्दत गर्नेछ।

यी चाडपर्वका अफरहरू हुलास फिन सर्भ हायर पर्चेज लिमिटेडको सहकार्यमा सञ्चालित सामसङको इन्स्टा फाइनान्स सेवाबाट प्राप्तगर्न सकिन्छ जसद्वारा ग्राहकहरूलाई १८ महिनासम्मको विस्तारित अवधिकालागि ०% ब्याज ईएमआईमा नवीनतम सामसङ टिभीहरूको खरिद गर्न सकिन्छ। इन्स्टा फाइनान्स लोन लिनको लागि डाउन पेमेन्ट गर्नुपर्छ। नागरिकतामात्रलिएर इन्स्टा फाइनान्स लिन सकिन्छ। थप रूपमा, ग्राहकहरूलाई अर्को स्टोरबाट माथि उल्लिखित सामसङ उत्पादनहरूका लागि आफ्ना पुराना इलेक्ट्रोनिक्स अप्लाएन्सहरू वा टिभीहरू एक्सचेन्ज गरी नयाँ सामसङ टिभी वाहोम अप्लाएन्सहरू किन्ने सुविधा उपलब्ध छ। विस्तृत जानकारीको लागि र "भव्यदशैं तिहार, घरभरी उपहार" अफर मार्फत अफर गरिएका यी विशेष डिलहरूको फाइदा लिनको लागि आज नै नजिकैको सामसङ डिलरमा जानुहोस्।

यो योजना सामसङ कन्ज्युमर इलेक्ट्रोनिक्स - हिम इलेक्ट्रोनिक्स प्रालि र त्रिवेणी व्यापार प्रालिका आधिकारिक वितरकहरूले नेपालभर उपलब्ध गराएको छ। यो योजना कार्तिक ३०, २०८१ सम्म मान्य रहने छन्।

**सामसङ इलेक्ट्रोनिक्स क. लि.को बारेमा**

सामसङले परिवर्तनकारी सोचहरु र प्रविधिहरुका साथ भविष्यलाई आकार दिन्छ अनिविश्वलाई प्रेरित गर्दछ । कम्पनीले टिभि, स्मार्टफोन, पहिरनयोग्य डिभाइस, ट्र्याब्लेट, डिजिटल उपकरण, नेटवर्क प्रणाली र मेमोरी, सिस्टम एलएसआइ, फाउण्ड्री र एलइडिको संसारलाई पुनःपरिभाषितगर्दैछ । सामसङको सम्बन्धमा नयाँ नया जानकारीहरु तपाईंले सामसङ समाचार कक्षबाट प्राप्तगर्न सक्नु हुनेछ।

# विदेशी मुद्राको विनिमय दर



काठमाण्डु । नेपाल राष्ट्र बैंकले मंगलबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ। राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर एक सय ३३ रुपैयाँ ९३ पैसा र बिक्रीदर एक सय ३४ रुपैयाँ ५३ पैसा कायम भएको छ।

युरोपियन युरो एकको खरिददर एक सय ४८ रुपैयाँ ९४ पैसा र बिक्रीदर एक सय ४९ रुपैयाँ ६० पैसा, युके पाउण्ड स्ट्रलिङ एकको खरिददर एक सय ७५ रुपैयाँ ७७ पैसा र बिक्रीदर एक सय ७७ रुपैयाँ ५७ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर एक सय ५८ रुपैयाँ ५८ पैसा र बिक्रीदर एक सय ५९ रुपैयाँ २९ पैसा कायम गरिएको छ।

राष्ट्र बैंकका अनुसार सोमबार अमेरिकी डलर एकको खरिददर एक सय ३३ रुपैयाँ ९३ पैसा र बिक्रीदर एक सय ३४ रुपैयाँ ५३ पैसा कायम रहेको थियो। युरोपियन युरो एकको खरिददर एक सय ४८ रुपैयाँ ३५ पैसा र बिक्रीदर एक सय ४८ रुपैयाँ ३५ पैसा, युके पाउण्ड स्ट्रलिङ एकको खरिददर एक सय ७५ रुपैयाँ ७६ पैसा र बिक्रीदर एक सय ७६ रुपैयाँ ५५ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर एक सय ५७ रुपैयाँ ७३ पैसा र बिक्रीदर एक सय ५८ रुपैयाँ ४४ पैसा कायम गरिएको थियो।

त्यसैगरी आइतबार पनि अमेरिकी डलर एकको खरिददर एक सय ३३ रुपैयाँ ९३ पैसा र बिक्रीदर एक सय ३४ रुपैयाँ ५३ पैसा कायम भएको थियो । त्यसैगरी आइतबार युरोपियन युरो एकको खरिददर एक सय ४८ रुपैयाँ ४९ पैसा र बिक्रीदर एक सय ४८ रुपैयाँ १६ पैसा, युके पाउण्ड स्ट्रलिङ एकको खरिददर एक सय ७५ रुपैयाँ ७० पैसा र बिक्रीदर एक सय ७६ रुपैयाँ ४८ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर एक सय ५८ रुपैयाँ ११ पैसा र बिक्रीदर एक सय ५८ रुपैयाँ ८२ पैसा कायम गरिएको थियो।

मंगलबार अष्ट्रेलियन डलर एकको खरिददर ९० रुपैयाँ २६ पैसा र बिक्रीदर ९० रुपैयाँ ६७ पैसा, क्यानेडियन डलर एकको खरिददर ९८ रुपैयाँ ६१ पैसा र बिक्रीदर ९९ रुपैयाँ ५ पैसा, सिङ्गापुर डलर एकको खरिददर एक सय तीन रुपैयाँ ३९ पैसा र बिक्रीदर एक सय तीन रुपैयाँ ८६ पैसा निर्धारण गरिएको छ। जापानी येन १० को खरिददर नौ रुपैयाँ ५६ पैसा र बिक्रीदर नौ रुपैयाँ ६० पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ८८ पैसा र बिक्रीदर १८ रुपैयाँ ९६ पैसा, साउदी अरेबियन रियाल एकको खरिददर ३५ रुपैयाँ ६९ पैसा र बिक्रीदर ३५ रुपैयाँ ८५ पैसा, कतारी रियाल एकको खरिददर ३६ रुपैयाँ ७४ पैसा र बिक्रीदर ३६ रुपैयाँ ९० पैसा कायम भएको छ।

केन्द्रीय बैंकका अनुसार थाइ भाट एकको खरिददर चार रुपैयाँ ०३ पैसा र बिक्रीदर चार रुपैयाँ ०५ पैसा, युएई दिराम एकको खरिददर ३६ रुपैयाँ ४६ पैसा र बिक्रीदर ३६ रुपैयाँ ६३ पैसा, मलेसियन रिङ्गेट एकको खरिददर ३१ रुपैयाँ १४ पैसा र बिक्रीदर ३१ रुपैयाँ २८ पैसा, साउथ कोरियन वन एक सयको खरिददर १० रुपैयाँ १६ पैसा र बिक्रीदर १० रुपैयाँ २१ पैसा, स्वीडिस क्रोनर एकको खरिददर १३ रुपैयाँ १५ पैसा र बिक्रीदर १३ रुपैयाँ २१ पैसा र डेनिस क्रोनर एकको खरिददर १९ रुपैयाँ ९६ पैसा र बिक्रीदर २० रुपैयाँ ५ पैसा तोकिएको छ।

राष्ट्र बैंकले हङ्कङ डलर एकको खरिददर १७ रुपैयाँ १८ पैसा र बिक्रीदर १७ रुपैयाँ २६ पैसा, कुवेती दिनार एकको खरिददर चार सय ३९ रुपैयाँ २९ पैसा र बिक्रीदर चार सय ४१ रुपैयाँ २६ पैसा, बहराइन दिनार एकको खरिददर तीन सय ५५ रुपैयाँ ३५ पैसा र बिक्रीदर तीन सय ५६ रुपैयाँ ९४ पैसा तथा भारतीय रुपैयाँ एक सयको खरिददर एक सय ६० रुपैयाँ र बिक्रीदर एक सय ६० रुपैयाँ १५ पैसा तोकेको छ।

राष्ट्र बैंकले यो विनिमय दरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैंकले तोक्ने विनिमय दर भने फरक हुनसक्ने र अद्यावधिक विनिमय दर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ ।रासस

# दुई महिनाको सरकारी बजेट खर्च सात प्रतिशत

काठमाण्डु । चालु आर्थिक वर्ष २०८१/८२ को सुरुवाती दुई महिनामा सरकारको बजेट खर्च करिब साढे सात प्रतिशत देखिएको छ । महालेखा नियन्त्रक कार्यालयका अनुसार गत भदौ मसान्तसम्ममा कूल विनियोजनको सात दशमलव ३९ प्रतिशत अर्थात् रु एक खर्ब ३७ अर्ब ५५ करोड २७ लाख बराबर बजेट खर्च भएको हो ।

चालु आवका लागि सरकारले कूल रु १८ खर्ब ६० अर्ब ३० करोड ३० लाख बराबरको बजेट ल्याएको थियो । यो अवधिमा चालुतर्फ सात दशमलव २८ प्रतिशत अर्थात् रु ८२ अर्ब ९८ करोड ६५ लाख बराबर खर्च भएको छ । चालु आवका लागि सरकारले चालु शीर्षकमा रु ११ खर्ब ४० अर्ब ६६ करोड ४५ लाख बराबर विनियोजन गरेको थियो ।

पुँजीगत शीर्षकमा रु तीन खर्ब ५२ अर्ब ३५ करोड ४० लाख बराबर बजेट विनियोजन भएकोमा चार दशमलव २३ प्रतिशत अर्थात् रु १४ अर्ब ८९ करोड ४० लाख बराबर खर्च भएको छ । वित्तीय व्यवस्था शीर्षकमा रु तीन खर्ब ६७ अर्ब २८ करोड ४५ लाख विनियोजन भएकामा १० दशमलव आठ प्रतिशत अर्थात् रु ३९ अर्ब ६७ करोड २२ लाख बराबर खर्च भएको छ ।

यही अवधिमा सरकारले वार्षिक लक्ष्यको ११ दशमलव ५२ प्रतिशत राजस्व असुली गरेको छ । चालु आवका लागि कूल रु १४ खर्ब ७१ अर्ब ६२ करोड ९५ लाख बराबर राजस्व उठाउने लक्ष्य राखेकोमा भदौ मसान्तसम्ममा रु एक खर्ब ६९ अर्ब ५१ करोड ७९ लाख बराबर सङ्कलन भएको छ ।

यो अवधिमा सङ्कलित राजस्वमध्ये कर राजस्वतर्फ वार्षिक लक्ष्यको ११ दशमलव ३१ प्रतिशत अर्थात् रु एक खर्ब ४५ अर्ब १९ लाख ३३ हजार असुली भएको छ । कर राजस्वतर्फ सरकारले कूल रु १२ खर्ब ८४ अर्ब २० करोड ९६ लाख बराबर उठाउने वार्षिक लक्ष्य राखेको छ ।

गैरकर राजस्वतर्फ रु एक खर्ब ३५ अर्ब नौ करोड ३४ लाख बराबर वार्षिक लक्ष्य राखिएकोमा १५ दशमलव ६९ प्रतिशत अर्थात् रु २१ अर्ब १९ करोड ४३ लाख बराबर सङ्कलन भएको छ । चालु आवका लागि सरकारले रु ५२ अर्ब ३२ करोड ६५ लाख बराबर वैदेशिक अनुदान उठाउने लक्ष्य राखेकोमा हालसम्म वैदेशिक अनुदान उठाउन सकेको छैन ।रासस


## भुमि सुधार तथा मालपोत कार्यालय गौर, रौतहट

### मोहियानी हकदावी सम्बन्धी ३५ दिने सूचना

जग्गाको मोहि मरुवा गुदर राउत कुर्मीले मोहि लागत कटा गरी पाउँ भनि ज.ध.तर्फबाट निवेदन पर्न आएकोले कार्यवाही क्रममा ३५ दिने सूचना जारी गरिएको छ। तपसिलका मोहि वा हकवाला कोहि भई मोहि लागत कटा हुनु नपर्ने भए सो सूचना जारी भएको मिति ३५ दिन भित्र प्रमाण साथ लिखित हकदाबी गर्न आउनु होला वा रीतपूर्वक वारेश कानुन व्यवसायी पठाउनु होला अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा यसै सूचनाबाट सूचत गरिन्छ।

| ज.ध.को नाम | जिल्ला | गापा/न.पा. | वडा न. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| सच्चिदा नन्द झा | रौतहट | गंगापिपरा | ७ | १०८/८८५ | ०-२-१९ १/२ |

मरुवा गुदर राउत कुर्मी दुर्गाभगवती वार्ड न.१ गंगापिपरा वार्ड न. ४

## भुमि सुधार तथा मालपोत कार्यालय गौर, रौतहट

### मोहियानी हकदावी सम्बन्धी ३५ दिने सूचना

जग्गाको मोहि मरुवा गुदर राउत कुर्मीले मोहि लागत कटा गरी पाउँ भनि ज.ध.तर्फबाट निवेदन पर्न आएकोले कार्यवाही क्रममा ३५ दिने सूचना जारी गरिएको छ। तपसिलका मोहि वा हकवाला कोहि भई मोहि लागत कटा हुनु नपर्ने भए सो सूचना जारी भएको मिति ३५ दिन भित्र प्रमाण साथ लिखित हकदाबी गर्न आउनु होला वा रीतपूर्वक वारेश कानुन व्यवसायी पठाउनु होला अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा यसै सूचनाबाट सूचत गरिन्छ।

| ज.ध.को नाम | जिल्ला | गापा/न.पा. | वडा न. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| निर्मला देवी बाहुनी | रौतहट | गंगापिपरा | ७ | १०८/८८६ | ०-२-९ १/२ |

मरुवा गुदर राउत कुर्मी दुर्गाभगवती वार्ड न.१ गंगापिपरा वार्ड न. ४

# एकैदिन दुई पर्व मनाइयो

टुडे समाचारदाता

जनकपुरधाम। मधेश प्रदेशका एकै दिन दुई पर्व मनाइएको छ। सौरमासको असोज सङ्क्रान्तिका दिन मनाइने ज्यावलका देवता विश्वकर्मा पूजा र चन्द्रमासको भदौं शुक्ल चतुर्दशीका दिन मनाइने अनन्त चतुर्दशी पर्व मंगलबार एकैदिन परेको छ।



हिन्दू परम्परामा विश्वकर्मा ज्यावलका देवता मानिन्छन् । पर्वका अवसरमा ससाना मेसिनरी सामानदेखि ठुल्ठूला यान्त्रिक उपकरणका धनीले विश्वकर्मा देवताको पूजाआराधना गर्ने परम्परा रहेको छ। सो अवसरमा कयौं ठाउँमा मेला आयोजना गरी नाचगानसहित सांस्कृतिक उत्सव गरिन्छ।

त्यस्तै मंगलबार मेसिनरी पार्टपुर्जाका व्यापारिक प्रतिष्ठानमा कामदारलाई मिष्ठान्न भोजन गराउने, लाभांश दिने र तलब वृद्धि गरिदिने चलन पनि रहेको छ।

यस दिनमा मेसिनरी पार्टस्, यान्त्रिक उपकरण र कृषि ज्यावल धोइपखाली तिनको पूजा गर्ने चलन छ। विश्वकर्मा देवताको पूजाआराधना गर्दा ज्यावल बढी टिकाउ हुने, राम्रो कमाइ दिने र कारोबारमा सफलता मिल्ने विश्वास गरिन्छ।

त्यसैगरी भदौं शुक्लपक्षको चतुर्दशीका दिन मनाइने मैथिल परम्पराको अनन्त चतुर्दशी पर्व पनि एकैदिन परेको छ। यस दिन गुरु, पुरोहितका हातबाट अनन्त डोरा बाँध्दै हिन्दू मैथिल समुदायले अनन्त चतुर्दशी पर्व मनाएका छन्। गुरु, पुरोहितले शास्त्रोक्त विधिले अभिमन्त्रित गरेका डोरा (धागो) बाँध्दै मिथिलामा अनन्त चतुर्दशी पर्व मनाइएका छन्।

भगवान् विष्णुको रूप मानिने अनन्त भगवानको पूजाआराधना गरी प्रसादस्वरुप गुरु, पुरोहितका हातबाट कलात्मक ढंगबाट बाटिएको 'अनन्त डोरा' बाँध्ने मिथिला परम्परा छ। पर्वविशेषमा अनन्तको पूजा गर्दा पुरोहितबाट अभिमन्त्रित १४ सूत्रको बाटिएको धागो चढाइने र त्यही धागो दाहिने हातको पाखुरामा बाँधिने गरिन्छ । अभिमन्त्रित धागोलाई 'अनन्त डोरा' भनिन्छ।

यस पर्वमा एक दिनअघि चोखोनितो रही भदौं शुक्लपक्ष चतुर्दशीका दिन बिहान अनन्त भगवानको पूजाआराधना गरेर ब्राह्मण पुरोहितको हातबाट 'अनन्तडोरा' बाँधेपछि सो पर्व सम्पन्न गरिने परम्परा छ।

त्यसैगरि चतुर्दशी तिथि सकिएर पूर्णिमा सुरु हुने भए पनि तिथिको भोगले भदौ पूर्णिमाका दिन मनाइने इन्द्र पूजनोत्सव भने बुधबार मनाइनेछ। हिन्दू परम्परामा इन्द्रलाई सहकालका देवता मानिन्छ । इन्द्रको पूजाआराधनाले अनिकाल नपर्ने र सन्तुलित वर्षा हुने मैथिल जनविश्वास व्यक्त गरिएको छ।

# 'राष्ट्रिय मुक्ति क्रान्ति नेपाल' पार्टी घोषणा

**राष्ट्रिय मुक्ति क्रान्तिको विस्तारित बैठकले पार्टी अध्यक्ष महतो रहने छन् । लोकतान्त्रिक समाजवादी पार्टी, नेपालबाट अलग भएको करिब ८ महिनापछि महतोले नयाँ पार्टी घोषणा गरेका छन् ।**

टुडे समाचारदाता

काठमाण्डु । राष्ट्रिय मुक्ति क्रान्तिका संयोजक राजेन्द्र महतोले नयाँ पार्टी घोषणा गरेका छन्। मंगलबार काठमाण्डुमा राष्ट्रिय मुक्ति क्रान्तिको विस्तारित बैठकबाट महतोले नयाँ राजनीतिक दल घोषणा गरेका छन्।




कार्तिकको पहिलो सातामा निर्वाचन आयोगमा नवगठित पार्टी दर्ता हुने उनले बताए।

उनले पार्टीको नाम भने राष्ट्रिय मुक्ति क्रान्ति नेपाल रहने उनले बताए। राष्ट्रिय मुक्ति क्रान्तिको विस्तारित बैठकले पार्टी अध्यक्ष महतो रहने छन् । लोकतान्त्रिक समाजवादी पार्टी, नेपालबाट अलग भएको करिब ८ महिनापछि महतोले नयाँ पार्टी घोषणा गरेका छन्।

त्यस्तै सो पार्टीले कार्यदिशा एवं एकीकृत कार्ययोजनामा भारत र चीनबाट देशले फाइदा लिन सक्ने भएकाले प्राप्त अवसरलाई भरपुर उपयोग गर्न सक्नुपर्ने उल्लेख गरेको छ।

तर दुई देशसँगको भौगोलिक अवस्थाले गर्दा कोसँग बढी फाइदा लिन सकिन्छ, सो अनुसार नीति बनाएर अघि बढ्नुपर्ने सो पार्टीको निष्कर्ष निकालेको छ।

कार्यदिशा र कार्ययोजनामा चीनसँगको सिमाना जटिल र वरपर घना बस्ती एवं सहरहरू नभएको तर भारतसँग यसको ठिक विपरीत रहेको उल्लेख गरिएको छ। अझ साझा राजनीतिक, सामाजिक, सांस्कृतिक इतिहास रहेको उल्लेख गरिएको छ।

रोजगारीको लागि दुवै देशतर्फ श्रमिकहरूको आवागमन हुने गरेको, धर्म, संस्कृति र राजनीतिक प्रणालीमा समेत धेरै हदसम्म समानता रहेको उल्लेख गर्दै अध्यक्ष महतोले भूगोलको सामीप्यता दुवै देश अस्तित्वमा रहँदा नरहँदादेखि नै रहिआएको उल्लेख गरेका छन्। पार्टीको कार्यदिशामा भनिएको छ, 'तस्बिर आफैं बोल्दछ भने झैं नेपाल भू-राजनीतिक जटिलतामा रहेको सत्य तथ्यहरूले प्रमाणित गर्दछ । त्यसकारण नेपालको यो महत्त्वपूर्ण भूगोललाई कसरी अवसरमा परिणत गरी बढीभन्दा बढी लाभ हासिल गर्न सकिन्छ भन्ने विषयमा राष्ट्रिय विमर्श भई राष्ट्रिय सहमति बन्न आवश्यक रहेको छ।'

नेपालको भूगोल चीनसँग करिब एक हजार ४०० किलोमिटर र भारतसँग करिब एक हजार ८०० किलोमिटर जोडिएको छ।

विगतको नाटो र साटोको परिवर्तित स्वरुपमा बीआरआई र आईपीएस आएको उल्लेख गर्दै महतोले आफ्नो कार्यदिशमा उल्लेख गरेका छन्, 'चीनको राजनीतिक प्रणाली र भारत तथा अमेरिकाको राजनीतिक प्रणाली फरक हुनु, विगतमा रुस र चीन दुवै साटो ध्रुवमा रहे पनि हाल भारत आईपीएसमा सहभागी हुनु, व्यापार, पारवहन, सुरक्षा र सामरिक शक्तिमा एकअर्काका प्रतिस्पर्धी रहनुले हामी गम्भीरतापूर्वक कुन ध्रुवको नजिक बस्ने वा कुन ध्रुवमा बस्ने गम्भीरता पूर्वक निर्णय लिनु पर्दछ।'

आईपीएसमा भारत सहभागी हुनु चीन नहुनु, बीआरआईमा नेपाल सहभागी हुनु, भारत नहुनु जस्ता विषयले भू-राजनीतिको जटिलता अझै थप्ने गरेको उल्लेख गर्दै अध्यक्ष महतोले यो बहु ध्रुवीय विश्वव्यापीकरणको युगमा तटस्थता सम्भव नरहेको उल्लेख गरिएको छ।

# विशेष अदालतद्वारा कटहरियाका मेयरसहितकाले पाए सफाइ

टुडे समाचारदाता

रौतहट । रौतहटको कटहरिया नगरपालिका मेयर र उपमेयरसहित ११ जनालाई भ्रष्टाचार मुद्दामा विशेष अदालतले सफाइ दिएको छ।





विशेष अदालतले उनीहरूलाई दोषी ठहर गर्ने प्रमाण नपुगेको भन्दै सफाइ दिएको छ । विशेष अदालतका न्यायाधीशहरू खुसीप्रसाद थारु, तेजनारायण सिंह राई र मुरारीबाबु श्रेष्ठको इजलासले सबै प्रतिवादीलाई सफाइ दिएको छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले २०८१ असार २० गते भ्रष्टाचार मुद्दा दायर गरेको थियो । स्थानीय तहको निर्वाचन भएपछि २०७९ जेठ १५ गते आफ्नो अध्यक्षतामा बैठक बसाई कटहरिया नगरपालिका- २ स्थित जमुनिया बजारमा सामुदायिक भवनमा टायल लगाउने काममा भ्रष्टाचार गरेको अख्तियारको दाबी थियो।

अख्तियारमा मुद्दा दायर भएसँगै नगर प्रमुख, उपप्रमुख, दुई कार्यपालिका सदस्य, तत्कालीन कार्यालय प्रमुख र दुई कार्यपालिका सदस्यसहित केही कर्मचारीहरू निलम्बित भएका थिए । विशेषले सफाइ दिए लगत्तै उनीहरूको निलम्बन फुकुवा भएको छ।

कटहरिया नगरपालिका- २ स्थित जमुनिया बजारमा रहेको एउटा सामुदायिक भवनमा आर्थिक वर्ष ०७८/०७९ मा टायलको कामको लागि रकम विनियोजन भएकोमा स्वीकृत लागत अनुमानबमोजिम कार्य नगरी कमसल कार्य गरी अनियमितता गरेको उजुरी अख्तियारमा परेको थियो। अख्तियारले अनुसन्धान गर्दा अनियमित ढंगले १२ लाख ५२ हजार ९४१ रुपैयाँ ९५ पैसाभन्दा बढी भुक्तानी लिई-दिई भ्रष्टाचारजन्य कसुर गरेको दाबी अख्तियारले गरेको थियो।

अधुरो सामुदायिक भवनमा टायल्स तथा फ्लोरिङको कामका लागि गठन भएको उपभोक्ता समितिले गरेको कम कामलाई बढी देखाएर भुक्तानी गरी भ्रष्टाचार गरेको भन्दै अख्तियारले मुद्दा दायर गरेको थियो।

सो मुद्दा दायर भएकामा मेयर अजय प्रकाश, उपमेयर रिता देवी, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत रामप्रकाश साह, इन्जिनियरद्वय राजेशकुमार साह, मो. मकसुद आलम, योजना शाखाका प्रमुख राम नरेश प्रसाद यादव, वडा ८ का अध्यक्ष तथा कार्यपालिका सदस्य समिशविक्रम साह, मनोजप्रसाद जैसवाल, उपभोक्ता समितिका अध्यक्ष सरोजकुमार साह, कोषाध्यक्ष बबिता चौधरी र सचिव योगेन्द्र साह रहेका थिए।

त्यस्तै योजनामा नगरप्रमुख अजय प्रकाशले उपभोक्ता समितिलाई १२ लाख ५२ हजार ९ सय ४१ रुपैयाँ भुक्तानी दिएको दाबी गरिएको थियो।

# युनाइटेड लुब्रिकेन्ट सञ्चालनमा



टुडे समाचारदाता

जनकपुरधाम । धनुषाको मिथिला नगरपालिकामा सवारी साधनमा प्रयोग हुने मोबिल, ग्रिसलगायतका उत्पादन गर्नका लागि स्थापना गरिएको उद्योग सञ्चालनमा आएको छ।

मिथिला नगरपालिकाको लालभित्तिमा स्थापना गरिएको युनाइटेड लुब्रिकेन्ट प्रालिले विश्वकर्मा भगवानको पूजाको अवसरमा मंगलबारदेखि औपचारिक रुपमा सञ्चालनमा आएको छ।

मुख्यमन्त्री सतीशकुमार सिंह र विडोल इन्टनेशनल लिमिटेड युकेका निर्देशक अरिजित बासुले संयुक्त रुपमा युनाइटेड लुब्रिकेन्टको उद्घाटन गरेका छन्।

मुख्यमन्त्री सिंहले उद्घाटन गर्दै मधेश प्रदेश सरकार सधै उद्योग र व्यवसायीको हितमा रहेकाले अन्य क्षेत्रमा पनि रोजगारी सृजन गर्नका लागि कलकारखानाहरु स्थापना गर्न आग्रह गरे।

उनले मधेश प्रदेशमा रोजगारको वातावरण सृजना गर्नका लागि अन्य क्षेत्रमा पनि लगानी लाउन आग्रह गरे । उनले प्रतिस्पर्धात्मक बजारमा नेपाल ठूलो प्लेटफर्म रहेको बताउँदै यस क्षेत्रका लागि नेपाल ठूलो बजार रहेको बताए।

युनाइटेड लुब्रिकेन्ट प्रालिका प्रबन्ध निर्देशक दीपेन्द्र मिश्रले सो उद्योगले अन्तर्राष्ट्रिय मापदण्ड अनुसार मोबिल, ग्रिसलगायतका उत्पादन गर्ने जानकारी दिए।

उनले ५० करोड रुपैयाँको लागतमा स्थापना गरिएको सो उद्योगमा ५० जना कर्मचारीले काम गरिरहेको बताए। सो उद्योग २ विघा क्षेत्रफलमा स्थापना गरिएको उनले बताए।

# सन्त अल्पमाई बहुप्राविधिक शिक्षालयमा आर्थिक चलखेल

बखतियार अलि

मलंगवा । सन्त अल्पमाई राम नारायण यादव बहुप्राविधिक शिक्षालय सर्लाहीमा आर्थिक चलखेल गरी विद्यार्थी भर्नामा आर्थिक अनियमितता गरेको सार्वजनिक भएको छ।




शिक्षालय प्रमुख वीरेन्द्र बाबु यादवले स्थानीयहरुसंग लाखौं रुपैयाँको दरले रकम लिएर उत्तीर्ण गराउने कार्यमा संलग्न रहेको पाइएको छ।

प्राप्तांकलाई तलमाथि गरी परीक्षा उत्तीर्ण गराई दिने भन्दै आर्थिक लाभ लिएको स्थानीयहरुले आर्थिक अनियमितता गरेको आरोप लगाएका छन्।

आर्थिक वर्ष ०८१/०८२ का लागि बहुप्राविधिक शिक्षालय सर्लाहीलाई सिटिइभिटीले १ सय २० वटा कोटा निर्धारण गरेको थियो । जस अन्तर्गत एचएको लागि ४० जना, नर्सिंगमा ४० जना र फार्मेसीका लागि ४० जना गरी जम्मा १ सय २० जना विद्यार्थीहरु उत्तीर्ण भएको छ। ७ सयभन्दा बढी विद्यार्थीहरु सर्लाही जिल्लालगायत अन्तर जिल्लाहरुबाट पनि परीक्षामा सामेल भएका थिए । जसमध्ये मात्र १ सय २० जना विद्यार्थी उत्तीर्ण भएको शिक्षालय प्रशासनले जानकारी दिए।

स्थानीय बिलट रायले भने, 'मेरो छोरा पढ्नमा राम्रो थियो, परिक्षामा सबै प्रश्नको जवाफ दिएर आए पनि छोरा उत्तीर्ण हुन सकेन। शिक्षालयमा सोध्न जाँदा वैकल्पिक उम्मेदवारमा नाम आएको छ। १ लाख रुपैयाँ खर्च गर्नुपर्छ अनि उत्तीर्ण हुन्छ। सोही शिक्षालयका एकजना शिक्षकले बताएपनि आफूसंग रकम मागेको, तर आफूसंग सो रकम नहुँदा छोरालाई उत्तीर्ण गराउन सकेनौं।'

राय एउटा पीडित पात्र हुन्। प्रत्येक वर्ष शिक्षालयका प्रशासन शाखाले नाम, सिम्बल नम्बर र अंक मिलाएर लाखौं रुपैयाँ अध्ययनरत विद्यार्थीका अभिभावकबाट अनियमित ढंगले रकम उठाउने गरेको सोही शिक्षालयका एकजना शिक्षकले पनि आरोप लगाए।

बहुप्राविधिक शिक्षालयबाट फारम र कागज मिलाएर पठाएपछि सतप्रतिशत विद्यार्थी उत्तीर्ण हुने गरेको दाबी गर्दै रकम चलखेल हुने गरेको शिक्षालयका कर्मचारीहरुको भनाइ छ । स्थानीय नागरिक समाजका अगुवा उग्रकान्त झाले सो बहुप्राविधिक शिक्षालय सर्लाहीमा पटक-पटक रकम उठाउने चलखेल हुने गरेको बताए।

सम्बन्धित निकायले तत्कालै छानबिन गरी दोषी उपर कारबाही गर्न जोडदार माग नागरिक समाजका अगुवा झाले गरे।

सर्लाहीका सहायक प्रमुख जिल्ला अधिकारी होम प्रसाद घिमिरेले आन्तरिक रुपमा काँपी जाच्ने देखि लिएर कागजात मिलाउनेसम्ममा आर्थिक चलखेल तथा अनियमितता हुने गरेको विषय उठ्दै आएको बताए। उनले यस्ता कुराहरुलाई सच्याइने सहायक प्रजिअ घिमिर बताए।

यता सन्त अल्पमाई राम नारायण यादव बहुप्राविधिक शिक्षालय सर्लाहीका शिक्षालय प्रमुख वीरेन्द्र बाबु यादवले शिक्षालयमा कुनै पनि प्रकारको आर्थिक चलखेल नभएको दाबी गरे। उनले हामीमाथि लगाइएको सबै आरोपहरु झुठो रहेको बताए।

# सामाजिक सञ्जालको दुरुपयोगको आरोपमा युवक पक्राउ

टुडे समाचारदाता

वीरगञ्ज । सामाजिक सञ्जाल दुरुपयोगको आरोपमा एक युवकलाई पर्सा प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा वीरगञ्ज महानगरपालिका-१५ स्थित लक्ष्मणवाका २१ वर्षीय ओमकुमार पटेल रहेको पर्सा प्रहरीले जनाएको छ।

सामाजिक सञ्जाल अन्तर्गतको फेसबुक, टिकटक, इन्स्टाग्राम, एक्स, ह्वाट्सएप, म्यासेन्जर आदिमा 'किङ अफ पर्सा' भन्ने आइडी बनाई सोमार्फत गाली गर्ने, हाततियार प्रदर्शन गरी डरत्रास देखाउनेजस्ता अराजक क्रियाकलापमा सलंग्न रहेको आरोपमा मंगलबार पटेललाई वीरगञ्ज- १५ प्रतिमा चोक नजिकबाट पक्राउ गरिएको छ । उनीविरूद्ध सार्वजनिक शान्ति विरुद्धको कसूरमा थप अनुसन्धान कार्य भइरहेको पर्सा प्रहरीका प्रवक्ता समेत रहेका प्रहरी नायब उपरीक्षक दीपक भारतीले जानकारी दिए।

यस्ता गतिविधिहरूमा संलग्न अन्य व्यक्तिहरूको पहिचान भइसकेपछि उनीहरुको खोजतलास कार्य भइरहेको उनले बताए।

संविधानको रक्षार्थ सबै जुटौं

- संविधान देशको मुल कानून तथा राजनीतिक र सामाजिक सहमतिको दस्तावेज हो।
- संविधान प्रदत्त जनताको हक र अधिकारको रक्षा गर्नु सबैको कर्तव्य हो।
- संविधानको मर्मअनुरुप निर्माण गरिएका कानूनले राज्यका निकायहरुको क्षेत्राधिकार निर्धारण गरी नागरिक अधिकारलाई रक्षा गरेको हुन्छ।
- संविधानसंग बाझिने कानून, नीति तथा विधिहरु अमान्य हुन्छन्।

त्यसैले संविधानको पालना गर्नु सबैको कर्तव्य हो
नेपाल सरकार
विज्ञापन बोर्ड




८ दिन वाकी
मधेश कृषि विश्वविधालय
गुणस्तरीय शिक्षा तथा अत्याधुनिक कक्षा कोठा
आधुनिक प्रविधि तथा नव प्रवर्तन अतिरिक्त क्रियाकलापको व्यवस्था।
प्रोत्साहन प्रेरणा अनुभवयुक्त संकाय
भर्नाका लागि
www.entrance.mau.edu.np
B.Sc.Ag.(Hons.) को लागि छिटै सिट सुरक्षित गर्नु होस।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८